मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ३ • अंक २५ • २०८१ साल मंसिर १९ गते बुधबार • Wednesday 04, December 2024 • सूर्योदय: बिहान ६:३८ बजे • सूर्यास्त: साँझ ५:११ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## लामिछानेलाई वीरगंज ल्याइँदै

**मधेशदृष्टि**
**वीरगंज ।**
सहकारी ठगी प्रकरणमा कास्की प्रहरीको हिरासतमा कात्तिक २ गतेदेखि रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति तथा पूर्वगृहमन्त्री रवि लामिछानेलाई बयानका लागि वीरगंज ल्याइने भएको छ । वीरगंजस्थित सानो पाइला सहकारीको रकम हिनामिना प्रकरणमा गितेन्द्रबाबु (जिबी) राईसहित लामिछानेमाथि पनि उजुरी परेपछि पर्सा प्रहरीले अदालतमा पक्राउ पुर्जीका लागि अनुमति मागेको छ । कास्कीबाट रुपन्देही र काठमाडौमा बयानका लागि लगिएका लामिछानेलाई चितवनमा ल्याएर बयान गराइएपछि वीरगंज ल्याएर कम्तीमा दुई दिन बयान लिइने तयारी छ । सम्भवतः लामिछानेलाई बिहीबार वीरगंजमा ल्याइनेछ ।

# कार्यबाहक प्रधानमन्त्रीद्वारा सुन्दरपुर गढीमाई मेला उद्घाटन



**सञ्जय मिश्रा**
**रौतहट ।**
कार्यबाहक प्रधानमन्त्री तथा शहरी विकास मन्त्री प्रकाशमान सिंहले गढीमाई नगरपालिका–४ सुन्दरपुरस्थित गढीमाई मन्दिरमा लागेको पञ्चवर्षीय मेला महोत्सव–२०८१ उद्घाटन गरेका छन् । मंगलवार सिंहले सुन्दरपुर गढीमाई मेला विधिवत उद्घाटन गरेका हुन् ।

उद्घाटनपछि कार्यबाहक प्रधानमन्त्री सिंहले सबैले आफ्नो आस्थाअनुसार धर्म, संस्कृति र परम्पराअनुसार अघि बढ्ने अवस्था रहेको बताए । उनले नेपाल बहुधार्मिक, बहुभाषिक र बहुजातीय राष्ट्र भए पनि समाजमा आपसी सद्भाव सुदृढ रहेको र त्यसमा पूर्खाको ठूलो योगदान रहेको बताए । आआफ्नो धर्मसंस्कृति संरक्षण र संवद्र्धन गर्न सबैले मिलेर अघि बढ्नुपर्नेमा पनि उनले जोड दिए । राजनीति स्थायित्व र स्थिरतामा वर्तमान सरकारले जोड दिएको भन्दै उनले बिग्रिएको अर्थतन्त्रको लय ठीक ठाउँमा ल्याउन सरकारले काम गरिरहेको बताए ।

उद्घाटन समारोहमा सिंहका साथै नेपाली कांग्रेसका संघीय सांसद देवप्रसाद तिमल्सिना, पार्टी मधेश प्रदेशका सभापति तथा पूर्वमन्त्री कृष्ण प्रसाद यादव, मधेश प्रदेशका अर्थमन्त्री सुनिल कुमार यादव (जितेन्द्र), प्रदेश सांसद अबुल कलाम आजाद (शेख फुलबाबु), गढीमाई नगरपालिकाका मेयर श्यामप्रसाद यादव, माधवनारायण नगरपालिकाका मेयर बैजनाथ प्रसाद यादव, गरुडा नगरपालिकाका मेयर कन्थमणि प्रसाद जयसवाललगायतको सहभागिता थियो ।

विश्वप्रसिद्ध बारास्थित गढीमाई मेलाकै तिथिमितिमा बृहतरुपमा सुन्दरपुर गढीमाई मेला आयोजना गरेको छ । सुन्दरपुरस्थित गढीमाई मन्दिरमा विगतमा झैँ यसपटक पञ्चवर्षीय मेला आयोजना गरिएको हो । मेला मूल समितिका अध्यक्ष एवम् गढीमाई नगरपालिकाका मेयर श्याम प्रसाद यादवले सुन्दरपुर गढीमाई मन्दिरमा सोमबारदेखि मङ्सिर २६ गतेसम्म मेला लाग्ने बताए ।

स्थानीयको अनुरोधमा मेलालाई बृहत तथा सभ्य र भव्य बनाउन मङ्सिर २० गते बिहीबार भारतीय भोजपुरी सुपरस्टार कलाकार खेसारीलाल यादवलाई बोलाइएको मेयर यादवले बताए । सुपरस्टार खेसारीलालसँगै भारतीय भोजपुरी मोडल माहि र मनिषाको पनि सांगीतिक प्रस्तुति हुने जनाइएको छ ।

भारतीय कलाकारका साथै नेपालका हिन्दी गीतसंगीत प्रस्तुत गर्ने कलाकार, टिकटक स्टारहरुसँगै स्थानीय भाषामा प्रस्तुत हुने अलहा रुदलको नाच प्रदर्शन हुने सुन्दरपर गढीमाई मेला समितिका प्रवक्ता वडा अध्यक्ष दीपेन्द्र श्रेष्ठले बताए । बारा, गढीमाईसरह सुन्दरपुर गढीमाई मन्दिरमा मूल तान्त्रिकले आफ्नो शरीरको ५ स्थानबाट रगत निकालेर देवीलाई चढाएपछि पशु बली शुरु हुन्छ । मन्दिरमा राँगा, बोका, परेवाको बली दिइने गरिन्छ । मन्दिरमा पनि बली शुरु हुनुअघि मुसा, परेवा, बोका, राँगा र खरायो गरी पञ्चबलीका रूपमा देवीलाई अर्पित गर्ने परम्परा छ । मेला भर्न आउने भक्तजनका लागि ६० घुम्ती शौचालय र करिब पाँच सय अस्थायी शौचालय निर्माण गरिएको समितिले जनाएको छ । सैयौँ स्वयम्सेवकसँगै प्रहरी र सशस्त्र प्रहरी मेलामा आउने भक्तजनको सुरक्षाका लागि परिचालन गरिएको मेला समितिका प्रवक्ता श्रेष्ठले जानकारी दिए ।

६५ वर्षअघि स्थानीय धामीझाँक्री जागा ठाकुरले सपनामा गढीमाईको दर्शन गरेपछि माताकै आदेशमा सुन्दरपुरमा सोही समय सानो मन्दिर निर्माण गरी पूजापाठ शुरु गरेका थिए । प्रत्येक पाँचवर्षमा मेला आयोजना हुँदै आएको छ । स्थानीय निकायको निर्वाचनपछि गढीमाई नगरपालिकाको मेयर पदमा पहिलोपटक श्यामप्रसाद यादव निर्वाचित भएपछि सुन्दरपुर गढीमाईको मन्दिर निर्माणदेखि वृहतरुपमा मेलाको आयोजना हुँदै आएको छ । मेयर पदमा श्यामप्रसाद यादव दोस्रोपटक निर्वाचित भएका हुन् । सुन्दरपुर मन्दिरका मूल पुजारी जागा ठाकुरको निधनपछि उनको छोरा रामदेव ठाकुर मूलपुजारी छन् ।

सुन्दरपुर गढीमाई मेलामा अघिल्लोपटक ७ सय ५० राँगाको बली चढेको प्रवक्ता श्रेष्ठले जानकारी दिए । मेलामा छिमेकी जिल्ला सर्लाही, महोत्तरी, बारालगायत सीमावर्ती भारतबाट लाखौँ मानिस आउने गरेको आयोजकले जनाएको छ । दर्शन गर्न आउने बाहिरका भक्तजन तथा आगन्तुकलाई मेला समितिका तर्फबाट निःशुल्क खाना र बस्ने व्यवस्था मिलाइएको सुन्दरपुर गढीमाई मेला समितिले जनाएको छ ।

## विवाहपञ्चमी महोत्सवः
# अयोध्याबाट आएका जन्ती धनुषयज्ञमा सहभागी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशको राजधानी जनकपुरधाममा जारी सीताराम विवाहपञ्चमी महोत्सवमा सहभागी हुन भारतको उत्तर प्रदेशस्थित अयोध्याबाट आएका मंगलबार अपराह्न आइपुगेका छन् । करिब पाँच सय साधुसन्त सहभागी जन्ती मंसिर १२ गते अयोध्याबाट हिँडेका हुन् । उनीहरु सोमबार राति महोत्तरीको मटिहानी आइपुगेर बास बसेका थिए । उनीहरुलाई मटिहानी नगरपालिकाले स्वागत गरेको थियो । मंगलबार बिहान जन्ती जनकपुरधाम आइपुगेका जनकपुरधामका मेयर मनोज साहले बताए । जनकपुरमा उनीहरुको भव्य स्वागत भएको छ । दुवै छेउमा स्थानीय बासिन्दाले 'जय सियाराम' को नारा लगाउँदै पुष्पवृष्टिका साथ उनीहरूलाई स्वागत गरेका थिए । जानकी मन्दिरमा कार्पेटमा उनीहरुको स्वागत गरिएको छ ।

उनीहरु मंगलबार भएको विवाहपञ्चमीको धनुषयज्ञमा समेत सहभागी भए । जन्ती चारदिनसम्म जनकपुरधाममा बास बस्ने छन् । उनीहरुको बास र भोजनको सम्पूर्ण व्यवस्था गरिएको जानकी मन्दिरका सहमहन्त रामरोशन दासले बताए । पाँच वर्षको अन्तरालमा विवाहपञ्चमी महोत्सवमा अयोध्याबाट आउने साधुसन्तको जन्ती यसपटक पनि आएका छन् ।

मंसिर १६ गतेदेखि शुरु भएको सप्ताहव्यापी विवाहपञ्चमी महामहोत्सव मंसिर २२ गतेसम्म चल्नेछ ।

आइतबार पहिलो दिन नगर दर्शन, दोस्रो दिन सोमबार फूलबारी लीला भइसकेको छ भने मंगलबार धनुषयज्ञ महोत्सव भएको छ । बुधबार तिल्कोत्सव, बिहीबार मटकोर र शुक्रबार विवाहपञ्चमी महोत्सव छ । शनिबार जन्तीमा आएका साधुसन्तको बिदाई अर्थात् रामकलेवापछि विवाहपञ्चमी महोत्सव सकिने छ ।

# अयोध्याबाट आएका जन्तीलाई मटिहानीमा स्वागत



यसअघि जनकपुरधाममा हुने रामजानकी विवाह महोत्सवमा सरिक हुन आएका जन्तीलाई मटिहानीमा स्वागत गरिएको छ । भारतको अयोध्याबाट आएका जन्तीलाई गएराति मटिहानीमा स्वागत गरिएको हो ।

मटिहानीका नगरप्रमुख हरिप्रसाद मण्डलसहितका जनप्रतिनिधि, जिल्लाका प्रमुख जिल्ला अधिकारी लालबाबु कवारी र नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीका जिल्लास्थित प्रमुखहरूसहित मटिहानी नगरवासीले जन्तीको स्वागत गरेका हुन् । मटिहानीस्थित लक्ष्मीनारायण मठका मानमहन्थ, सामाजिक सङ्घसंस्थाका अगुवा, मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापिठका आचार्य र राजकीय संस्कृत माध्यमिक विद्यालय (मटिहानी गुरुकूल)का शिक्षक, वटुकहरू र महोत्तरी उद्योग वाणिज्य सङ्घका पदाधिकारी सहभागी थिए ।

यसपटकको रामजानकी महोत्सवमा सरिक हुन अयोध्यास्थित श्रीराम ट्रष्टका उच्च पदाधिकारी र साधुसन्तसहितको पाँच सय जनाको जन्ती टोली मटिहानी आइपुगेको हो । सप्ताहव्यापी रामजानकी विवाह महोत्सवमा प्रत्येक पाँचौँ वर्ष अयोध्याबाट जन्ती सजिएर आउने परम्परा छ । नेपाल प्रवेश गरेपछि मटिहानी पहिलो दिनको रात्रिविश्राम गरेर जनकपुर प्रस्थान गर्ने परम्पराअनुसार नै जन्ती सोमबार राति नै मटिहानी आइपुगेका हुन् ।

मटिहानी रामसीताको विवाहमा वेदी बनाउन माटो खनिएको ठाउँका रुपमा परिचित छ । राम–सीताको विवाहमा एउटा महत्त्वपूर्ण पाटो जोडिएको हुँदा आफ्नो ठाउँ विवाह महोत्सवको महत्त्वपूर्ण कडी रहँदै आएको नगरप्रमुख मण्डल बताउँछन् ।

अयोध्याबाट आएका अतिथिलाई मिथिला भोजन (दालभात, सब्जी, चटनी, पापरतिलौरी, तरुवा र दही) गराइएको नगरप्रमुख मण्डलले बताए ।सोमबार रात्रिविश्राम मटिहानीमा गरेका जन्ती आज बिहान जलेश्वर, पिपरा हुँदै जनकपुरधाम जाने जनाइएको छ । जानकी मिथिलापुत्री भएकी हुँदा यहाँका बासिन्दा उनका माइती र मिथिलावासीका कुटुम्ब मानिन्छन् । मिथिलामा दुलही पक्षका परिवारजनले जन्तीसँग ठट्टामजाक, हासपरिहास गर्ने चलन छ । मटिहानीबासीले अयोध्याबाट आएका जन्तीसँग दिल खोलेर ठट्टामजाक र हासपरिहास गरेका छन् ।

मंगलबार मटिहानीबाट जन्ती जलेश्वर पुगेका थिए । जलेश्वर नगरवासीको स्वागत ग्रहण गरी जलेश्वरनाथ महादेवको दर्शन गरेर जन्तीले महोत्तरीकै पिपरामा दिवाभोजन गरेका थिए । मटिहानीजस्तै जलेश्वर नगरपालिका र पिपरा गाउँपालिकाले पनि जन्तीको स्वागत गरे । जन्ती जानकी मन्दिर व्यवस्थापनको अतिथिका रूपमा महोत्सव अवधिभर रहनेछन् । त्रेतायुगमा श्रीराम र जानकीको विवाह मङ्सिर शुक्लपक्ष पञ्चमी तिथिमा भएको विश्वासमा मिथिलामा यो महोत्सव परम्परा चल्दै आएको हो ।

# सिंहद्वारा गढीमाई मेला अवलोकन

कार्यबाहक प्रधानमन्त्री तथा शहरी विकास मन्त्री प्रकाशमान सिंहले विश्वप्रसिद्ध गढीमाई मेला अवलोकन गरेका छन् ।

मंगलबार दिउँसो १२ बजे कार्यबाहक प्रधानमन्त्री तथा शहरी विकाश मन्त्री सिंह बरियारपुर पुगेर गढीमाई दर्शन गर्नुका साथै मेला अवलोकन–निरीक्षणमा सहभागी भएका थिए । प्रत्येक पाँच वर्षमा लाग्ने विश्वप्रसिद्ध गढीमाई मेला मंसिर १ गतेदेखि शुरु भएको हो । मूल पूजा सोमबार उपराष्ट्रपति रामसहाय प्रसाद यादवले उद्घाटन गरेसँगै शुरु भएको छ । विश्वप्रसिद्ध गढीमाई मेला दर्शन तथा अवलोकन गर्न पुगेका मन्त्री सिंहले गढीमाई मेलाले विश्वमै नेपालको एउटा ठूलो पहिचान बनाएको बताए ।

उनले गढीमाई दर्शन गरे मनोकामना पूरा हुने भएकाले आफूले दर्शन गर्न पाउँदा निकै खुशी महसुस गरेको बताए । गढीमाई मन्दिर मधेश प्रदेशको मात्र अस्था नभएर यो पूरै नेपालको ठूलो धार्मिक स्थल रहेको र गढीमाई मन्दिरले नेपालको विश्वसामु एउटै बेग्लै पहिचान बनाएको मन्त्री सिंहले बताए । गढीमाई मेला अवलोकन तथा निरीक्षण गर्न आएका कार्यबाहक प्रधानमन्त्री सिंहलाई गढीमाई मेला मूल व्यवस्थापन समितिका अध्यक्ष एवम् महागढीमाई नगरपालिकाको नगरप्रमुख उपेन्द्र प्रसाद यादवले मेलाको व्यवस्थापन र आवश्यक सामग्रीबारे जानकारी गराए । नगरप्रमुख यादवले गढीमाई मेलालाई भव्य र सभ्य बनाउन केन्द्रदेखि लिएर प्रदेशका मन्त्रीले आएर अवलोकन तथा निरीक्षण गर्नु बारावासीको लागि गर्वको कुरा रहेको बताए ।

**२३ गते सार्वजनिक बिदा**

बाराको महागढीमाई नगरपालिकामा लाग्ने पञ्चवार्षिक गढीमाई मेलाका अवसरमा मंसिर २३ गते आइतबार प्रदेश सरकारले सार्वजनिक बिदा घोषणा गरेको छ । मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले विश्वप्रसिद्ध गढीमाई मेलाको विशेष पूजा हुने मंसिर २३ गते सार्वजनिक तथा सरकारी निकायका लागि बिदा घोषणा गरेको हो । मुख्यमन्त्री सतिश कुमार सिंहले लाखौँको संख्यामा श्रद्धालुभक्तजनको गहिरो आस्था र दृढ विश्वास रहँदै आएकाले र प्रदेशको धरोहरको रूपमा स्थापित गढीमाई मेलामार्फत घरेलु पर्यटन विकासलाई थप बलियो बनाउने गरी बिदा घोषणा गरिएको बताए ।

# प्रधानमन्त्रीको चीन भ्रमण 'भैँसीको मासु निर्यात'मा सीमित

**मधेशदृष्टि**
**काठमाडौ ।**
आम जनता पार्टी (आजपा)का अध्यक्ष प्रभु साहले प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमण उपलब्धिविहीन भएको दाबी गरेका छन् । नेपालबाट जम्बो टोली लिएर चीन भ्रमणमा निस्किएका प्रधानमन्त्री ओलीले हिमालय एयरलाइन्सलाई बिजनेस दिनुबाहेक देश र जनताको लागि उल्लेख्य उपलब्धि हासिल गर्न नसकेको भन्दै साहले यो भ्रमणलाई तीर्थयात्रामै सीमित भएको संज्ञा दिए ।

चीन भ्रमणको दौरान मंगलबार प्रधानमन्त्री ओली र चिनियाँ समकक्षी ली छ्याङबीच बेइजिङस्थित् ग्रेट हल अफ दि पिपलमा भएको सौहार्द भेटवार्तापछि जारी गरिएको ९ बुँदे सहमति तथा समझदारीपत्रपछि पूर्वमन्त्री साहले यस्तो टिप्पणी गरेका हुन् । अध्यक्ष साहले प्रधानमन्त्री ओलीले भ्रमणअघि नै राजनीति गर्न खोजेपछि चिनियाँ पक्षले भाउ नदिएको दाबी गरे ।

उनले प्रधानमन्त्री ओलीले शुरुमा चीन भ्रमण भनेर नयाँ दिल्लीको भ्रमण गर्न चाहेको कुरा अहिले चीनले द्विपक्षीय सहमति तथा समझदारीमा खासै महत्व नदिनुले प्रष्ट भएको जिकिर गरे ।

साहले भ्रमण जानुअघि नै प्रधानमन्त्री ओलीले कांग्रेसलाई खुशी तुल्याएर आफ्नो सत्ता–सुरक्षित राख्न बिआरआइ कार्यान्वयनको सवालमा पछि हट्ने भनेर सम्झौता गरेका कारण चीन उड्नु एक दिनअघि कांग्रेस र एमालेबीच सहमति भएको भनिएको 'बिआरआइ फ्रेमवर्क सहमति' बारे पनि भेटवार्तामा कुनै चर्चा हुन नसकेको आरोप लगाए ।

आम जनता पार्टीको उपत्यका बिशेष कमिटी बैठकलाई सबोधनक्रममा साहले भने, 'उहाँको यो भ्रमण तीर्थयात्रामा सीमित हुन्छ भनेर पहिले नै भनेको थिएँ, बेइजिङमा भएको सहमति हेर्दा देशको गौरव नै धुमिल भएको अनुभूति भयो । बिआरआइको कुनै चर्चा भएन । भ्रमण देशका लागि उपलब्धिविहीन भयो । तर, उहाँले हिमालय एयरलाइन्सलाई बिजनेस दिनुभयो । त्योबाहेक अरू उपलब्धि देखिएन ।' साहले भैँसीको मासु निर्यात गर्ने समझदारी हुनु र बिआरआइको कुनै चर्चा नहुनुले पनि भ्रमण कति सफल वा असफल भन्ने कुरा प्रष्ट भएको बताए ।

## प्रधानमन्त्री ओलीद्वारा चिनियाँ राष्ट्रपतिसँग शिष्टाचार भेट

**चीन ।**
चीनको औपचारिक भ्रमणमा रहेका प्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रपति सि चिनफिङसँग शिष्टाचार भेट गरेका छन् । त्यस अवसरमा उनीहरुबीच नेपाल–चीन सम्बन्धका साथै आपसी हित र चासोका विविध विषयमा विचारविमर्श भएको थियो ।

प्रधानमन्त्री ओलीका साथ परराष्ट्रमन्त्री डा. आरजु राणा देउवा, प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार विष्णुप्रसाद रिमाल र आर्थिक सल्लाहकार डा. युवराज खतिवडा, मुख्य सचिव एकनारायण अर्याल, परराष्ट्र मन्त्रालयका कायममुकायम सचिव अमृतबहादुर राई र सहसचिव कृष्णप्रसाद ढकाल तथा चीनका लागि नेपाली राजदूत कृष्णप्रसाद ओलीलगायतका थिए । प्रधानमन्त्री ओली आफ्ना चिनियाँ समकक्षी ली छ्याङको मैत्रीपूर्ण निमन्त्रणामा चारदिवसीय भ्रमणका क्रममा सोमबार अपराह्न चीन गएका हुन् । उनी मंसिर २० गते नेपाल फर्कनेछन् ।

# सिलीगुडी–झापा आ अमलेखगञ्ज चितवन पाइपलाइन विस्तारबारे बातचित

**काठमाण्डू ।**
भारत भ्रमण क रहल उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी आ हुनक भारतीय समकक्षी पेट्रोलियम तथा प्राकृतिक ग्याससमन्त्री हरदिपसिंह पुरीबीच नयाँदिल्लीमे भेटवार्ता भेल अइछ । सोमदिन दुपहर हुनकासभक बीच भेल भेटवार्तामे दू पक्षीय हितक सङे विविध विषयमे बातचित भेल मन्त्री भण्डारीक निजी सचिवालय जनौलक अइछ ।

हुनकासभक बीच नयाँ पूर्वाधार योजनाअन्तर्गत सिलीगुडी–झापा आ अमलेखगञ्ज–चितवन पेट्रोलियम पाइपलाइन निर्माणबारे बातचित भेल छल ।

सङे ओसभ विगतमे दू देशबीच भेल सम्झौता तथा तकर कार्यान्वयनक सम्बन्धमे सेहो बातचित केलैन । एहिबीच, सर्लाहीक ग्यास पाइपलाइन निर्माण, त्रिभुवन विमानस्थलक इन्धन डिपो स्थानान्तरण, भारतीय आयल कर्पोरेशन लिमिटेड आ नेपाल आयल निगमबीचके साझेदारीलगायत विषयमे बातचित भेल तथा दुनु निकायद्वारा प्रस्तुत एकीकृत प्रतिवेदन प्राप्त भेलाक बाद पर्याप्त सहयोग करबाक लेल भारत तत्पर रहल मन्त्री पुरी कहलैन से मन्त्री भण्डारी नयाँदिल्लीसँ राससकेँ बतौलैन ।

तहिना, द्विपक्षीय सरकारी संयन्त्रक सब बैसार नियमित रूपमे करबाक लेल दुनु पक्ष सहमत भेल ओ बतौलैन । भारतीय पक्षद्वारा नेपालक सामाजिक–आर्थिक विकाशमे निरन्तर सहयोग करबाक प्रतिबद्धता व्यक्त कएल गेल मन्त्री भण्डारी जानकारी देलैन ।

# प्रधानमन्त्री ओलीद्वारा चिनियाँ राष्ट्रपतिसङ शिष्टाचार भेट

**बेइजिङ ।**
चीनको औपचारिक भ्रमणमे रहल प्रधानमन्त्री केपी शर्मा ओली राष्ट्रपति सि चिनफिङसङ शिष्टाचार भेट केलैन अइछ । ताहि अवसरमे हुनकासभबीच नेपाल–चीन सम्बन्धक सङे आपसी हित लगायत विविध विषयमे विचारविमर्श भेल छल ।

प्रधानमन्त्री ओलीक सङ परराष्ट्रमन्त्री डा. आरजु राणा देउवा, प्रधानमन्त्रीक प्रमुख राजनीतिक सल्लाहकार विष्णुप्रसाद रिमाल आ आर्थिक सल्लाहकार डा. युवराज खतिवडा, मुख्य सचिव एकनारायण अर्याल, परराष्ट्र मन्त्रालयक कायममुकायम सचिव अमृतबहादुर राई आ सहसचिव कृष्णप्रसाद ढकाल तथा चीनक लेल नेपाली राजदूत कृष्णप्रसाद ओलीलगायत छलैथ । प्रधानमन्त्री ओली अपन चिनियाँ समकक्षी ली छ्याङक मैत्रीपूर्ण निमन्त्रणमे चाइर दिवसीय भ्रमणक क्रममे काइल दुपहर एत आएल छलैथ ।

**चिनियाँ समकक्षी छ्याङ्द्वारा स्वागत**

चीनक औपचारिक भ्रमणमे रहल प्रधानमन्त्री केपी शर्मा ओलीकेँ चिनियाँ समकक्षी ली छ्याङ ग्रेट हल अफ पिपलमे आइ स्वागत केलैन अइछ । प्रधानमन्त्री ओलीक सम्मानमे चिनियाँ जनमुक्ति सेनाद्वारा 'गार्ड अफ अनर' प्रदान कएल गेल छल । समारोहमे अन्य चिनियाँ नेतासभ सेहो सहभागी छलैथ ।

उक्त अवसरमे प्रधानमन्त्री ओली समकक्षी लीकेँ अपन भ्रमण दलक सदस्यकेँ परिचय करबौलैन । चिनियाँ प्रधानमन्त्री सेहो अपन अन्य नेताक परिचय करबौलैथ। प्रधानमन्त्री ओली आइए चीनक राष्ट्रपति सि चिनफिङसङ भेटवार्ता करथिन ।प्रधानमन्त्री ओली नेतृत्वक प्रतिनिधिमण्डल इएह अगहन १७ गते जनवादी गणतन्त्र चीनक औपचारिक भ्रमणक लेल बेइजिङ आइब चुकल छै ।

**पारस्परिक सहयोगसम्बन्धी सहमति पत्रमे हस्ताक्षर**

नेपाल आ चीनक प्रधानमन्त्रीक उपस्थितिमे व्यापार प्रवद्र्धन, प्राविधिक सहयोग आदानप्रदानलगायत विभिन्न आठ विषयमे सहयोग आ सहकार्यसम्बन्धी सहमतिपत्रमे हस्ताक्षर कएल गेल अइछ । चीनक औपचारिक भ्रमण क रहल प्रधानमन्त्री केपी शर्मा ओली आ चीनक प्रधानमन्त्री ली छ्याङबीच ग्रेट हल अफ पिपलमे दूपक्षीय भेटवार्ताक बाद आपसी सहकार्यसम्बन्धी सहमति पत्रमे हस्ताक्षर भेल अइछ ।

वार्तासँ पहिने प्रधानमन्त्री ओलीकेँ चिनियाँ जनमुक्ति सेना 'गार्ड अफ अनर' प्रदान कएल गेल छल । प्रधानमन्त्री ओली नेतृत्वक प्रतिनिधिमण्डल चीनक औपचारिक भ्रमणमे काइल बेइजिङ पहुँचल छलैथ ।

# अपाङ्गता भेल व्यक्तिक अन्तर्राष्ट्रिय दिवस

**काठमाण्डू ।**
अपाङ्गता भेल व्यक्तिसभके ३३म् अन्तर्राष्ट्रिय दिवस आइ विभिन्न जनचेतनामूलक कार्यक्रम क मनाएल जा रहल अइछ । सन् १९९२ सँ विश्वभर ई दिवस मनेबाक क्रम शुभ भेल छल । संयुक्त राष्ट्रसङ्घ एहि वर्षक नारा 'समावेशी तथा टिकाउ भविष्यके पूर्वाधार, अपाङ्गता भेल व्यक्तिके प्रवल नेतृत्व एकर आधार' तय केलक अइछ ।

नेपालमे सेहो 'समावेशी तथा टिकाउ भविष्यक पूर्वाधार, अपाङ्ग भेल व्यक्तिसभके प्रवल नेतृत्व एकर आधार' राष्ट्रिय नारासहित देशभैरक विभिन्न सरकारी तथा गैरसरकारी सरोकार भेल निकाय जनचेतनामूलक कार्यक्रम क ई मनाएल जा रहल अइछ । दिवसक सन्दर्भमे अइ बमोजिम अन्तर्राष्ट्रिय आ राष्ट्रिय नाराक प्रयोग करब–करेबाक लेल सरकार आह्वान केलक अइछ ।

विश्व स्वास्थ्य सङ्गठनक अनुसार विश्वमे कूल जनसङ्ख्याक १६ प्रतिशत अपाङ्ग भेल व्यक्तिसभ छैथ । अपाङ्ग भेल व्यक्तिसभके तथ्याङ्कीय प्रतिवेदन अनुसार स्वास्थ्य क्षेत्रक नेतृत्वमे नगण्य पहुँच, शिक्षा तथा रोजगारसँ अपाङ्ग भेल व्यक्ति दूर छैथ । प्रतिवेदन अनुसार नेपालक कूल जनसंख्याक दू दशमलव दू प्रतिशत अर्थात् ४७ हजार सात सओ ४४ गोटे अपाङ्ग व्यक्तिसभ छैथ । जनगणनाक प्रतिवदेन अनुसार कूल परिवारमध्ये तीन दशमलव एक प्रतिशत परिवारक मुख्य अपाङ्ग भेल व्यक्ति छैथ । अपाङ्ग भेल व्यक्तिक साक्षरता दर ५० दशमलव एक प्रतिशत भेल राष्ट्रिय जनगणनामे उल्लेख कएल गेल अइछ । अपाङ्ग भेल व्यक्तिसभके समावेशीकरणक मुद्दामे समर्थन करबाक, अपाङ्गताक विषयमे जनचेतना अभिवृद्धि करबाक, सबक लेल समावेशी आ पहुँचयोग्य समाज निर्माणमे सरकार तथा सरोकार भेल निकायक ध्यानाकर्षण करेबाक लेल ई दिवस मनाएल जा रहल अइछ । राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल नेपालक विपद्सम्बन्धी कानुन आ नीतिमे समावेश 'अपाङ्ग समावेशी' व्यवस्थाकेँ व्यावहारिक रूपमे प्रभावकारी कार्यान्वयन करबाक माग करैत आएल अइछ । महासङ्घ विपद् व्यवस्थापन आ मानवीय सङ्कटके अवस्थामे काज करबाक अन्तर्राष्ट्रिय निकाय आ गैरसरकारी संस्थाक काजसभकेँ अपाङ्गता समावेशी बनेबाक लेल पैरवीक आवश्यकता देखाएल गेल अइछ ।

'समान अवसर आ पहुँच सुनिश्चित करब साझा दायित्व'

नेपाली कांग्रेसक सभापति एवम् पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा अपाङ्ग भेल व्यक्तिसभके अधिकार सुनिश्चित करैत हुनकासभके अर्थपूर्ण सहभागिता आ नेतृत्वकेँ व्यापक बनेबाक लेल बतौलैन अइछ ।

अपाङ्ग भेल व्यक्तिसभके ३३म् अन्तर्राष्ट्रिय दिवसक अवसरमे शुभकामना व्यक्त करैत सभापति देउवा कांग्रेस समता, न्याय आ समावेशी लोकतन्त्रक पक्षमे सदैव लडैत आएल उल्लेख करैत अपाङ्ग भेल व्यक्तिसभके अधिकारसङे अर्थपूर्ण सहभागिता आजुक आवश्यकता रहल बतौलैन ।

सभापति देउवा दिवसके अवसरमे सम्पूर्ण अपाङ्ग भेल व्यक्तिसभ, हुनकासभके परिवार तथा एहि अभियानमे संलग्नसब प्रति शुभकामना व्यक्त केलैन । 'समावेशी तथा टिकाउ भविष्यके पूर्वाधार, अपाङ्ग भेल व्यक्तिसभके प्रवल नेतृत्व एकर आधार' एहि वर्षक नारा समावेशी समाज निर्माणमे अपाङ्ग भेल व्यक्तिसभके नेतृत्वकेँ आओर सशक्त आ प्रेरणादायी बनेबाक ओ उल्लेख केलैन ।

# अयोध्यासँ आएल बरियातीकेँ मटिहानीमे स्वागत

**महोत्तरी ।**
जनकपुरधाममे होबाक रामजानकी विआह महोत्सवमे सहभागी होबाक लेल आएल बरियातीकेँ मटिहानीमे स्वागत कएल गेल अइछ । भारतक अयोध्यासँ आएल बरियातीकेँ वितल राइत मटिहानीमे स्वागत कएल गेल अइछ ।

मटिहानीक नगरप्रमुख हरिप्रसाद मण्डलसहित जनप्रतिनिधि, जिलाक प्रमुख जिला अधिकारी लालबाबु कवारी आ नेपाली सेना, नेपाल प्रहरी आ सशस्त्र प्रहरीक जिलास्थित प्रमुखसभ मटिहानी नगरवासी बरियातीक स्वागत केलैन । मटिहानीस्थित लक्ष्मीनारायण मठक मानमहन्थ, सामाजिक सङ्घसंस्थाक अगुवा, मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापिठक आचार्य आ राजकीय संस्कृत माध्यमिक विद्यालय (मटिहानी गुरुकूल)क शिक्षक, वटुकसभ आ महोत्तरी उद्योग वाणिज्य सङ्घक पदाधिकारी सहभागी छलैथ ।

अयोध्यासँ आएल अतिथिकेँ मिथिलाक भोजन (दालभात, सब्जी, चटनी, पापरतिलौरी, तरुवा आ दही) खुवाएल गेल नगरप्रमुख मण्डल बतौलैन । सोमदिन रात्रिविश्राम मटिहानीमे केने बरियाती आइ भोर जलेश्वर, पिपरा होइत जनकपुरधाम जेबाक जनौलक अइछ ।

आइ मटिहानीसँ बरियाती जलेश्वर जाएत । जलेश्वर नगरवासीक स्वागत ग्रहण क जलेश्वरनाथ महादेव दर्शन करैत बरियातीकेँ आइ महोत्तरीके पिपरामे दिवाभोजन करबाक तालिका अइछ ।

बरियाती आइए साँझ जनकपुरधाम पहुँचबाक जनौलक अइछ । तहिना तेसर दिन आइ धनुषयज्ञ आयोजन भ रहल अइछ । आइ श्रीराम शिवजीक धनुष लीला आयोजन कएल गेल अइछ । त्रेतायुगमे श्रीराम आ जानकीक विआह अगहन शुक्लपक्ष पञ्चमी तिथिमे भेल विश्वासमे मिथिलामे ई महोत्सव करबाक परम्परा अइछ ।

**फूलबारी लीला सम्पन्न**

श्रीसीताराम विआह पञ्चमी महामहोत्सवअन्तर्गत सोमदिन फूलबारी लीला सम्पन्न भेल अइछ । महोत्सवक दोसर दिन फूलबारी लीला करबाक परम्परा अनुसार सोमदिन उक्त लीला सम्पन्न भेल अइछ ।

त्रेतायुगमे मिथिलाक राजा जनकके प्रतिज्ञाअनुसार जनकपुरधाममे आयोजन कएल गेल धनुष यज्ञमे सहभागी हेबाक लेल अयोध्या नरेश दशरथक ज्येष्ठ सुपुत्र भगवान् श्रीराम, लक्ष्मणसहित गुरु विश्वामित्र जनकपुरधाम आएल समय माता सीतासङ फूल तोडैत काल समयमे फूलबारीमे भेट भेल स्मरणमे प्रत्येक वर्ष फूलबारी लीलाक आयोजन करैत आएल जानकी मन्दिरक महन्थ रामतपेश्वर दास वैष्णव जानकारी देलैन ।

जनकपुरधामक ऐतिहासिक महत्वक विआह मण्डपमे सोमदिन साँझ फूलबारी लीलाक आयोजन कएल गेल छल । 'राम, लक्ष्मण आ सीताक प्रतिकात्मक रूपमे त्रेतायुगमे फूलबाइरमे फूल तोड़ए आएल समय भेट भेल धार्मिक विश्वास अइछ । त्रेता युगकेँ स्मरणीय बनेबाक लेल एहन कार्यक्रम कएल गेल अइछ,' महन्थ वैष्णव कहलैन ।

साताव्यापी विआह पञ्चमी महोत्सवके रैवदिन अगहन १६ गते नगर दर्शन, सोमदिन दोसर दिन फूलबाइर लीला, आइ धनुष यज्ञ, १९ गते तिलकोत्सव, २० गते मटकोर, २१ गते स्वयंम्बर आ शुभविआह तथा २२ गते रामकलेवा बाद पावैनके समापन कएल जाएत ।

## सूचना ! सूचना !! सूचना !!!

यस खाद्य व्यवस्था तथा व्यापार क.लि. शाखा कार्यालय, विरगंज - पर्साले मिति २०८१/०८/२० गते विहिवार देखि नेपाल सरकारको समर्थन मूल्यमा सोना मंसुली धान प्रति क्विन्टल रु.३,५८०.६२ मा र जिरा मसिनो धान प्रति क्विन्टल रु.४,००० मा किसानहरुवाट खरिद हुने व्यहोरा सर्वसाधारण, किसान एवंम सरोकारवालाहरुलाई जानकारी गराईन्छ् किसानले धान विक्रि गर्न आउदा अनिवार्य रुपमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र कम्पनिले माग गरेको अवस्थामा सम्बन्धित पालीकाको कृषि शाखाले किसान प्रमाणित गरेको सिफारिस वा आवश्यकता अनुसार धान उत्पादन हुने जग्गाको लालपूर्जाको प्रतिलिपि वा कृषिज्ञान केन्द्रले किसान प्रमाणित गरेको सिफारिस लिएर मात्र घान विकि गर्नं आउनु हुन अनुरोध छ। किसान बाहेक कुनैपनि ब्यापारी वा विचौलियाको धान खरिद गरिने हैन। कम्पनिको गुणस्तर मापदण्ड अनुसारको राम्रो, सफा एवं सुकेको धान मात्र ल्याउनु हुन अन्था उक्त धान खरिद गर्न कम्पनि बाध्य नहुने साथै सार्वजनिक विदा बाहेकका दिनहरुमा मात्र बिहान १० बजे देंखि बेलुका ४ बजे सम्म धान खरिद हने व्यवहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ।

**खाद्य ब्यवस्था तथा व्यपार कं.लि.**
शाखा कार्यालय, विरगंज
☎०५१-५२२८५५

# कतारक नेपाली श्रमिककेँ २४ घण्टा बीमाक व्यवस्था मिलेबाक लेल उपराष्ट्रपतिक आग्रह

**काठमाण्डू ।**
उपराष्ट्रपति रामसहाय प्रसाद यादव कतारमे काज क रहल नेपाली श्रमिककेँ २४ घण्टा बीमाक व्यवस्था मिलेबाक लेल कतार सरकारसङ आग्रह केलैन अइछ ।

लैनचौरस्थित उपराष्ट्रपति कार्यालयमे आइ भेट करबाक लेल आएल नेपालक लेल कतारक राजदूत मिशालबिन मोहम्मद अली अल अन्सारीकेँ उपराष्ट्रपति ओत मृत्यु वा घायल भेल नेपाली श्रमिकके उद्धार आ उचित क्षतिपूर्ति तथा विभिन्न अस्पताल, निर्वासन केन्द्र आ जेलमे रहल नेपालीकेँ आवश्यक सहयोग करबाक लेल अनुरोध केलैन ।

'कतारमे ६७ गोटे नेपाली जेल सजाय भोइग रहल छैथ आ बहुत नेपाली कागजविहीन बैसल छैथ,' भेटमे उपराष्ट्रपति कहलैन, 'हम महामहिमकेँ आममाफी वा जेलक समय घटेबाक आ कागजातविहीन नेपालीकेँ नियमित काज करेबाक वा हुनकासभकेँ नेपाल पठेबामे सहयोग करबाक लेल आग्रह करैत छी ।'

उपराष्ट्रपति यादव नेपाल आ कतार पारस्परिक हितक विषयमे बहुपक्षीय आ क्षेत्रीय मञ्चमे लगसँ काज करैत आ एकदोसरकेँ समर्थन करैत एलापर खुशी व्यक्त केलैन । ओ नेपाली नागरिक विपीन जोशीलगायत अन्य बन्धकके रिहाइक लेल कतारद्वारा कएल मध्यस्थताक लेल प्रशंसासमेत केलैन से उपराष्ट्रपतिक प्रेस संयोजक दिनेश यादव जानकारी देलैन ।

भेटमे कतारक राजदूत अन्सारी दूनु देशक बीचक सम्बन्धकेँ आओर मजगुत बनेबा लेल जोड़ दैत कतार नेपालमे लगानी प्रवद्र्धन तथा संरक्षणक पक्षमे रहल बतौलैन । कतारमे हाल चाइर लाख नेपाली कामदार रहल जानकारी दैत ओ नेपाली श्रमिकके हितकेँ कार्यान्वयन लेल प्रयास करबाक बतौलैन ।

# एनपिएलः सुदूरपश्चिम रोयल्स विजयी

**काठमाण्डू ।**
नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेटमे सुदूरपश्चिम रोयल्स विराटनगर किङ्ग्सकेँ पराजित करैत सुखद् शुरूआत केलक अइछ ।

पहिल खेलमे सुदूरपश्चिम विराटनगरकेँ ९० रनके अन्तर स पराजित करैत प्रतियोगितामे सुखद् शुरूआत केलक ।

विराटनगरक लेल बसिर अहमद २८ बलमे २४ रन , राजेश पुलामी १५ रन, अनिल खरेल १० रन बनेबाकबोहक अन्य कोनो खेलाडी जोड़ा रन नै बनेलैथ । क्रिस सोल ९, कप्तान सन्दीप लामिछाने ८ रन, इस्मत आलम ६ रनमे तथा निकोलस कीर्तोन पाँच रन बनेलैथ ।

बलिङदिस सुदूरपश्चिमक अभिनाश बोहोरा आ स्कट कुगेलेइन समान तीन तीन विकेट लेलैन त ब्रान्डन म्याकमुलेन आ सैफ अलि जैब समान एक–एक विकेट लेलैन ।

अइसँ पहिने सुदूरपश्चिम रोयल्स निर्धारित २० ओभरमे सात विकेटक क्षतिमे दीपेन्द्रसिंह ऐरीके अर्धशतकसँ एक सओ ८२ रन तैयार केलक । टस हाइर पहिने ब्याटिङ केने सुदूरपश्चिमक कप्तान ऐरि अविजित २४ बलमे ५७ रन बनेलैथ । ब्रेन्डन म्यामुलेन २६ बलमे ३६ रन , विनोद भण्डारी २० बलमे २३ रन, इशान पान्डे १६ बलमे २१ रन बनेलैथ । आरिफ शेख पाँच बलमे ९ रन, सेफ जेब १५ बलमे १४ रन बनेलैथ । विराटनगर किङ्स लेल अनिल खरेल तीन, इस्मत आलम, बसिर अहमद आ क्रिस सोल समान एक–एक विकेट लेलैथ ।





**एनपिएलमे 'बेटिङ' कएल आरोपमे चाइरगोटे नियन्त्रणमे**

नेपाल प्रिमियर लिग (एनपिएल)मे 'बेटिङ' कएल गेल आरोपमे प्रहरी चारगोटेकेँ नियन्त्रणमे लेलक अइछ । कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट खेल मैदानमे सञ्चालित प्रतियोगितामे बेटिङ कराएल आरोपमे भारत बिहारक चाइर गोटे पकड़ाएल अइछ । नेपाल प्रहरीक केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) क प्रवक्ता एवम् प्रहरी उपरीक्षक होबिन्द्र बोगटीक अनुसार नियन्त्रणमे रहल भारतीय नागरिकसभ २४ वर्षीय सुमन भोज, २५ वर्षीय अमित यादव, २४ वर्षीय सुमन कुमार आ २५ वर्षीय ब्रजेस कुमार छैथ ।

ओ कहलैन, 'सुमन भोज आ अमित यादवकेँ सोमदिन नियन्त्रणमे लेल गेल अइछ त सुमन कुमार तथा ब्रजेस कुमारकेँ आइ नियन्त्रणमे लेल गेल अइछ । हुनकासभके बिरुद्ध सट्टेबाजी नै करबाक चाही से कसुरमे म्याद बढ़ेबाक लेल अदालत ल जाएल गेल अइछ ।'

# रामजानकी विवाहपञ्चमी महोत्सवः फूलबारी लीला सम्पन्न



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
श्रीसीताराम विवाह पञ्चमी महामहोत्सवअन्तर्गत सोमबार फूलबारी लीला सम्पन्न भएको छ । महोत्सवको दोस्रो दिन फूलबारी लीला गर्ने परम्परा अनुसार नै सोमबार उक्त लीला सम्पन्न भएको हो । त्रेतायुगमा मिथिलाका राजा जनकको प्रतिज्ञाअनुसार जनकपुरधाममा आयोजना गरिएको धनुष यज्ञमा सहभागी हुन अयोध्या नरेश दशरथका ज्येष्ठ सुपुत्र भगवान् श्रीराम, लक्ष्मणसहित गुरु विश्वामित्र जनकपुरधाम आएका बेला माता सीतासँग फूल टिपिरहेका बेलामा फूलबारीमा जम्काभेट भएको स्मरणमा प्रत्येक वर्ष फूलबारी लीलाको आयोजना गरिँदै आइएको जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णवले जानकारी दिए । जनकपुरधामको ऐतिहासिक महत्वको विवाह मण्डपमा सोमबार साँझ फूलबारी लीलाको आयोजना गरिएको थियो । 'यहाँ राम, लक्ष्मण र सीताको प्रतिकात्मक रूपमा त्रेतायुगमा बगैँचामा फूल टिप्न आएका बेला भेट भएको धार्मिक विश्वास छ । त्रेता युगलाई स्मरणीय बनाउन यसप्रकारको कार्यक्रम गरिएको हो', महन्थ वैष्णवले भने । साताव्यापी विवाह पञ्चमी महोत्सवको आइतबार मङ्सिर १६ गते नगर दर्शन, सोमबार दोस्रो दिन फूलबारी लीला, मंगलबार धनुष यज्ञ, १९ गते तिलकोत्सव, २० गते मटकोर, २१ गते स्वयंम्बर र शुभविवाह तथा २२ गते रामकलेवा पछि पर्वको समापन गरिन्छ ।

**महोत्सवका लागि आवास, खानेपानी तथा शौचालयको प्रबन्ध**

विवाहपञ्चमी महोत्सवलाई व्यवस्थित, प्रभावोत्पादक र भव्य तुल्याउन मधेश प्रदेश सरकारले आवास, खानेपानी तथा शौचालय व्यवस्थापन गरेको छ । रामजानकी विवाह हुने मंसिर २१ गतेका दिन जनकपुरधाममा लाखौँको संख्यामा मेला भर्न आउने श्रद्धालुभक्तजन तथा साधुसन्तका लागि उचित तथा पर्याप्त सुविधा उपलब्ध गराउनेगरी प्रदेश सरकारले सहरका विभिन्न ठाउँमा अस्थायी आवास, खानेपानी तथा शौचालयजस्ता संरचना निर्माण गराएको छ ।
विवाहपञ्चमी महोत्सवका बेला दर्शनार्थीहरूलाई हुने अप्ठ्यारालाई दृष्टिगत गरी प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले धार्मिक पर्यटकका लागि आवश्यक संरचना निर्माण, वैवाहिक विधि तथा प्रक्रियामा सहज सहभागिता र सुदृढ सुरक्षा प्रबन्धनका लागि गम्भीर चासो लिँदै आएका छन् । उनले महोत्सव सफल गर्न अपेक्षित गृहकार्यका लागि जननकपुरधामका धार्मिक तथा सामाजिक संस्थाका प्रतिनिधि, समाजसेवी, साधुसन्त लगायतका व्यक्तिहरूसँग सामूहिक तथा व्यक्तिगत परामर्श गरी प्रदेश मातहतका मन्त्रालयलाई मेलाको तयारी गर्न निर्देशन दिएका थिए । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय मधेश प्रदेशका शाखा अधिकृत श्यामसुन्दर मण्डलका अनुसार प्रदेशको ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयबाट सहरका विभिन्न चार ठाउँमा खानेपानी संरचना निर्माण, ठाउँठाउँमा १८ वटा अत्यधिक प्रकाश दिने सडकबत्ती जडान र दुई सयवटा शौचालय निर्माण गरिएका छन् ।
यसैगरी शिक्षा तथा सँस्कृति मन्त्रालयबाट रामजानकीको वैवाहिक कार्यक्रममा सहभागी हुन भारतको अयोध्याबाट आउने जन्तीका लागि सहरका विभिन्न भागमा २० वटा प्रवेशद्वार निर्माण तथा विवाहोत्सव लगायत धार्मिक साँस्कृतिक विषयसँगै विभिन्न किसिमका सामग्री प्रदर्शनका लागि डिस्पले व्यवस्थापन गरिएको छ ।
खेलकुद तथा समाजकल्याण मन्त्री प्रमोद जायसवालका अनुसार अयोध्याबाट आउने जन्तीको स्वागतका लागि प्रदेश सरकारको मुख्य प्रशासनिक केन्द्र मधेश भवनभित्र स्वागत मंसिर २० गते कार्यक्रम राखिएको छ । छ सय जन्तीलाई मधेश भवनभित्र सत्कारभोजसँगै भजन श्रवण गराइने उनले बताए । मेलाका बेला अचानक हुने मौसम परिवर्तनलाई मध्यनजर गरी श्रद्धालुभक्तजन र साधुसन्तसँगै सर्वसाधारणलाई कठ्याङ्ग्रिन नदिन ठाउँठाउँमा आगो बाल्न वन तथा वातावरण मन्त्रालयले दाउराको व्यवस्थापन गरेको छ ।

# खाद्य व्यवस्था वीरगंजले धान खरिद गर्ने

**मधेशदृष्टि**
**वीरगंज ।**
खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड वीरगंज शाखाले बिहीबारदेखि धान खरिद गर्ने भएको छ । शाखाका सूचना अधिकृत समिर दाहालका अनुसार, यस वर्ष जिरा मसिनो धान प्रतिक्विन्टल ४ हजार र सोना मन्सुली धान प्रतिक्विन्टल ३ हजार ५ सय ८० रुपैयाँ ६२ पैसामा खरिद गरिने भएको छ । जिरा मसिनो धानको खरिद मूल्य प्रमुख जिल्ला अधिकारी संयोजक रहेको स्थानीय प्राथमिक खरिद समितिले निर्धारण गरे लगत्तै धान खरिद शुरु गर्न लागिएको उनले बताए ।



सोना मन्सुली धानको समर्थन मूल्य यसअघि नै संघीय सरकारले प्रतिक्विन्टल ३ हजार ५ सय ८० रुपैयाँ ६२ पैसा निर्धारण गरिसकेको छ । यस वर्ष केन्द्रबाट ४२ हजार क्विन्टल धान खरिदको कोटा प्राप्त भएको पनि दाहालले बताए । ४२ हजार क्विन्टल कोटामध्ये ३२ हजार क्विन्टल सोना मन्सुली र १० हजार क्विन्टल जिरा मसिनो धान खरिदको कोटा प्राप्त भएको हो । धान बिक्री गर्न आउने किसानले नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र शाखाले आवश्यक ठानेमा सम्बन्धित पालिकाको कृषि शाखाले किसान प्रमाणित गरेको सिफारिस पनि ल्याउनु पर्नेछ । व्यापारी तथा बिचौलियालाई निरुत्साहित गर्न यसो गरिएको दाहालले बताए । गत वर्ष निजी क्षेत्रले भन्दा खाद्यले कम मूल्य दिएपछि किसानले धान नल्याउँदा खाद्य वीरगंज शाखाले धान खरिद गर्न सकेको थिएन ।

# नारायणीमा 'ल्याब इन्फर्मेसन सेन्टर' सञ्चालनको तयारी

**मधेशदृष्टि**
**वीरगंज ।**
नारायणी अस्पताललाई थप व्यवस्थित गराउन गुरुयोजनाको काम अघि बढाइएको छ । जीर्ण भवन र जनशक्तिे अभावको समस्या खेप्दै आएको अस्पताललाई व्यवस्थित रूपमा सञ्चालनका लागि गुरुयोजना बनाउन लागिएको हो । अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट (मेसु) डा चुमनलाल दासले अस्पताललाई पाँच सय शय्यामा स्तरोन्नति गरेर व्यवस्थित गर्न गुरुयोजनाको काम अघि बढाइएको जानकारी दिए । 'एकातर्फ अस्पतालका भवनका संरचना जीर्ण अवस्थामा छन् । अर्कातर्फ भएका भवन छरिएर रहेकाले पनि स्वास्थ्य सेवा प्रवाह गर्न समस्या भइरहेको छ', उनले भने, 'अस्पताललाई व्यवस्थित रूपमा सञ्चालन गर्न आवश्यक पर्ने गुरुयोजना निर्माणको काम अघि बढाइरहेका छौँ ।'
'अस्पतालको पूर्वाधार व्यवस्थित गर्न गुरुयोजना निर्माणको काम भइरहेको छ', मेसु दासले भने, 'पाँच वर्षअघि अस्पताल भवन निर्माण गर्ने मुद्दा टुङ्गो नलाग्दा पनि भवन निर्माण हुनसकिरहेको छैन ।' मेसु दासले नारायणी अस्पताललाई पाँच सय शय्यामा विस्तार गर्न ढिला गर्न नहुने धारणा व्यक्त गरे । 'अस्पतालको गुरुयोजनामा सबैभन्दा पहिला अस्पतालका लागि आवश्यक पर्ने संरचना निर्माणमा जोड दिनेछौँ',उनले भने, 'अस्पतालमा कार्यरत चिकित्सकका लागि आवासलगायत संरचना निर्माणको कामलाई दोस्रो प्रथामिकतामा राखेका छौँ ।' अस्पतालको नयाँ आकस्मिक कक्षको ब्लकलाई स्वास्थ्य सेवालाई एकीकृत ढङ्गले गर्ने प्रयास गरिरहेको उनको भनाइ छ । 'ल्याब, इको, अल्टासाउण्ड, फिजियोथेरापीलगायत सेवालाई व्यवस्थित गर्ने जमर्को गरिरहेका छौँ', उनले भने, 'जीर्ण भएका भवनबाट सारेर अन्य सेवालाई एकीकृत गर्ने प्रयास जारी छ ।' उपचारका लागि आउने सेवाग्राहीलाई सहज गराउने उद्धेश्यले काउन्टरलाई व्यवस्थित गर्ने काम भइरहेको जनाएको छ ।
'ल्याब इन्फर्मेसन सेन्टर पनि केही समयभित्रै सञ्चालन गर्ने तयारी भइरहेको छ', उनले भने, 'अहिलेसम्म त 'म्यानुअल' ढङ्गबाटै ल्याबको सूचना दिँदै आइरहेका छौँ ।' अस्पतालमा चिकित्सक, नर्स र अन्य स्वास्थ्यकर्मी गरेर साढे तीन सयको हाराहारीमा छन् । रासस

# प्रविधिले दाइँ गर्ने परम्परा लोप हुँदै



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
कृषिमा भित्रिएको आधुनिक प्रविधिले गर्दा गाउँघरमा दाइँ गर्ने परम्परा लोप हुँदै जान थालेको छ । केही वर्ष अघिसम्म गोरु र मान्छेकै सहारामा दाइँ हाल्दै आएका धनुषाका अधिकांश किसानहरु पछिल्लो समय आधुनिक थ्रेसर मेशिन र ट्र्याक्टरका सहायताबाट धान चुट्न थालेपछि दाइँ परम्परा लोप हुन लागेको हो । खेती किसानी पनि गर्दै आएका जिल्ला समन्वय समिति धनुषाका पूर्वसभापति रामदेव यादवले पछिल्लो समय किसानले गोरु पाल्न छाडेपछि थ्रेसर र ट्र्याक्टरको सहायताले दाइँ गर्न थालिएको बताए । उनले भने, 'एक दशक अघिसम्म खेतका फाँटमा खलो बनाई धान, मसुरो, तोरी, गहुँलगायतका अन्न झाँटेर बोटमा बाँकी बसेका अन्न झार्नका लागि मियोका वरिपरि गोरु घुमाई दाइँ गर्ने परम्परा थियो । तर पछिल्लो समय गोरुको अभाव र कृषिमा भित्रिएको आधुनिक प्रविधिका कारण गाउँमा दाइँ गर्ने परम्परा हराउँदै जान थालेको छ ।'
गाउँघरमा अर्मपर्म गरेर खेती लगाउने, खेती थन्काउने चलन हट्न थालेपछि ट्र्याक्टरले खेत जोत्न र थ्रेसरले धान चुट्न थालिएको क्षीरेश्वरनाथ नगरपालिका–४ का किसान जगदीश यादवले बताए । उनका अनुसार कृषिमा प्रविधिको विकासले गाउँघरबाटै दाइँ संस्कृति हजाउँदै जान थालेको छ । थ्रेसर मेसिन, ट्र्याक्टर हलोको प्रयोगले किसानको समय, श्रम र पैसाको बचत भए पनि मौलिक संस्कृति भने हराउन थालेको मिथिला नगरपालिका–६ ढल्केवरका ज्येष्ठ नागरिक रामवरण महतोको धारणा छ । उनी भन्छन्, 'मेसिनको सहायताले दाइँ गर्दा त्यसले उडाएको भुसले वातावरणमा नकारात्मक प्रभाव पर्नुको साथै जनस्वास्थ्यमा समेत असर परेको छ । श्वासप्रश्वासको समस्या भएका बालबालिका र वृद्ध नागरिकलाई असर गरेको छ । आँखामा धुलो परेर समस्या सिर्जना हुने गरेको पनि छ । तर खेतमै खलो बनाई दाइँ गर्दा त्यस्तो समस्या हुँदैनथ्यो ।' युवा शक्ति विदेश पलायन हुनु, गाउँघरमा गोरु र काम गर्ने मान्छे पाउन सकस हुनु र पाइएका खेतालाको ज्याला खर्च महँगो भएकाले पनि जिल्लाका किसानले कृषि यन्त्रको प्रयोग बढाएका हुन् । यसबाट अन्न झार्ने तथा पराल भुसा वा नल एकैपटकमा माडिने हुँदा समय, श्रम र पैसाको बचत हुने गरेको किसान स्वयं बताउँछन् ।

**धान उत्पादनमा वृद्धि हुने अनुमान**

यसैबीच मधेश प्रदेशमा यसवर्ष धान उत्पादनमा वृद्धि हुने अनुमान गरिएको छ । मधेशका आठवटै जिल्लाबाट गतवर्षको तुलनामा यसवर्ष कूल दुई लाख पाँच हजार २५१ मेट्रिक टन बढी धान उत्पादन हुने मधेश प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय जनाएको छ ।
मन्त्रालयका प्रवक्ता वरिष्ठ कृषि प्रसार अधिकृत रोशनकुमार मेहताका अनुसार गत आर्थिक वर्ष २०८०÷८१ मा १२ लाख ९६ हजार छ सय सात मेट्रिक टन धान उत्पादन भएको थियो । उनले चालु आर्थिक वर्ष २०८१÷८२ मा १५ लाख दुई हजार चार सय ५८ मेट्रिक टन धान उत्पादन हुने अनुमान गरिएको जानकारी दिए । गत वर्षभन्दा यस आवमा धान रोपाइँ बढी क्षेत्रफलमा भएको हुँदा उत्पादनमा समेत वृद्धि हुने बताइएको छ । कषि प्रसार अधिकृत मेहताले गत वर्षको तुलनामा यस वर्ष पाँच हजार २६४ दशमलव पाँच हेक्टर क्षेत्रफल बढीमा धानबाली लगाएको जानकारी दिए । आव २०८०÷८१ मा तीन लाख ७० हजार ३५० हेक्टर क्षेत्रफलमा धानबाली लगाएको थियो भने चालु आवमा तीन लाख ७५ हजार ६१४ दशमलव पाँच हेक्टर क्षेत्रफलमा धान रोपिएको उनले जानकारी दिए ।
धानबाली लगाएको क्षेत्रफल र उत्पादन हुने अनुमान गरिएको आधारमा यस वर्षमा शून्य दशमलव पाँच मेट्रिक टन प्रतिहेक्टर धान उत्पादनमा वृद्धि हुने देखिएको छ । गतवर्ष तीन दशमलव ५० मेट्रिक टन प्रतिहेक्टर धान उत्पादन भएको थियो भने यसवर्ष प्रतिहेक्टर चार मेट्रिक टन धान उत्पादन हुने अनुमान गरिएको छ । धानबाली रोपेको क्षेत्रफलको हिसाबले सबैभन्दा बढी सप्तरीमा ६५ हजार दुई सय ८० हेक्टर क्षेत्रफलमा रोपाइँ भएको छ भने यहाँ दुई लाख ६१ हजार एक सय २० मेट्रिक टन धान उत्पादन हुने अनुमान गरिएको छ । त्यस्तै सबभन्दा कम रौतहटमा ३७ हजार छ सय २० हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको छ । यहाँ रोपिएको धानबालीबाट एक लाख ५० हजार चार सय ८० मेट्रिक टन धान उत्पादन हुने अनुमान गरिएको छ । कृषि विकास निर्देशनालयका निर्देशक जितेन्द्र यादवको अनुसार पर्सामा ४६ हजार एक सय ८७ हेक्टर, रौतहटमा ३७ हजार छ सय २० हेक्टर, सर्लाहीमा ४५ हजार पाँच सय ४० हेक्टर, धनुषामा ४१ हजार पाँच सय ६५ हेक्टर क्षेत्रफलमा धानबाली लगाइएको कृषि विकास निर्देशनालयले जनाएको छ । त्यसैगरी महोत्तरीमा ४१ हजार नौ सय ४२ दशमलव पाँच हेक्टर, सिरहामा ५२ हजार ३८० हेक्टर, सप्तरीमा ६५ हजार २८० हेक्टर र बारामा ४५ हजार ९९ दशमलव छ हेक्टर क्षेत्रफलमा धानबाली लगाइएको छ । अघिल्लो आर्थिक वर्ष २०७८÷७९ मा तीन लाख ५४ हजार ३८३ हेक्टर क्षेत्रफलबाट १२ लाख ६३ हजार ९४१ मेट्रिक टन र आव ०७९–०८० मा तीन लाख ८१ हजार ६१३ हेक्टरमा १४ लाख २२ हजार ४३६ मेट्रिक टन धान उत्पादन भएको निर्देशनालयको तथ्याङ्कमा उल्लेख गरिएको छ । यसवर्ष खेती लगाउने बेलामा नै वर्षा भएकोले धान रोपाइँ पनि समयमै भएको र त्यसपछि पनि बेलाबेलामा वर्षा भएकाले धान उत्पादनमा वृद्धि भएको उनले बताए । रासस

# ट्याक्टर पल्टिँदा चालकको मृत्यु

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषामा उखु लोड भएको ट्याक्टर अनियन्त्रित भएर पल्टिँदा चालकको मृत्यु भएको छ ।
मृत्यु हुनेमा महोत्तरीको भंगहा नगरपालिका–४ बिर्ताका २८ वर्षीय सुनिल दास रहेका छन् । ढल्केबरबाट सिरहा तर्फ जाँदै गरेको ज १ त ४६१६ नम्बरको ट्याक्टर पूर्व–पश्चिम लोकमार्ग अन्तर्गत धनुषाधाम नगरपालिका–६ जगदेव पुल नजिक मंगलबार बिहान साढे ९ बजेतिर दुर्घटनामा परेको हो ।
दुर्घटनमा परेर गम्भीर घाइते भएका चालक दासलाई लालगढ मोडेल हस्पिटलमा लग्दा चिकित्सकले मृत घोषणा गरेको इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक उमाशंकर यादवले जानकारी दिए । मृतकको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुरमा पठाइएको र घटना विषयमा थप अनुसन्धान गरिरहेको इलाका प्रहरी कार्यालय ढल्केबरले जनाएको छ ।

## सम्पादकीय

# मधेशमै जनमत कमजोर, देशमै रास्वपा

मंसिर १६ गते भएको स्थानीय तहको उपनिर्वाचनको मत परिणाम आएको छ। मत परिणाममा मधेश प्रदेशका विभिन्न चार जिल्लाका छ पालिकामा सात वडा अध्यक्षका लागि भएको निर्वाचन परिणामले मधेश प्रदेश सरकार सञ्चालन गरिरहेको र मधेशमा वैकल्पिक शक्तिका रुपमा उदाएको जनमत पार्टीका पक्षमा जनमत घटेको देखिएको छ। सात वडा अध्यक्षमध्ये नेपाली कांग्रेसले दुई, जसपा नेपालले दुई, एमालेले एक, माओवादीले एक र एकीकृत समाजवादी पार्टीले एक सिट बाँड्दा जनमत कतै पनि बलियो दोस्रो शक्तिका रुपमा उभिनसमेत नसक्ने अवस्थामा देखियो। सात मध्ये दुई वडामा जितेको नेपाली कांग्रेस तीनवटा वडामा निकटतम प्रतिद्वन्द्वी बनेको थियो भनेअरु दुई वटा वडाको प्रतिस्पर्धामा तेस्रो स्थानमा पुगेको छ। नेपाली कांग्रेसले रौतहटको ईशनाथ नगरपालिका–७ र राजपुर नगरपालिका–६ मा जितेको छ। धनुषाको धनुषाधाम नगरपालिका–१, सप्तरीको डाक्नेश्वरी नगरपालिका–१ र ४ मा दोस्रो स्थानमा सीमित नेपाली कांग्रेस महोत्तरीको रामगोपालपुर–२ र रौतहटको गढीमाई नगरपालिका–८ मा तेस्रो स्थानमा देखिएको हो। दुई वडा जितेको जसपा नेपाल एउटा वडामा तेस्रो र अन्य दुई वटा वडामा चौथो स्थानमा छ। अर्को एक वडामा जम्मा चार मतमा पनि सीमित भएको छ। जसपा नेपालले रौतहटको राजपुर नगरपालिकामा उम्मेदवार नै उठाएको थिएन।

महोत्तरीको रामगोपालपुर नगरपालिका–२ जितेको एमाले रौतहटको गढीमाई नगरपालिका–८ र ईशनाथ नगरपालिका–७ मा दोस्रो स्थानमा हुत्तियो। सप्तरीको डाक्नेश्वरी नगरपालिका–१ र रौतहटको राजपुर नगरपालिका–६ मा तेस्रो स्थानमै चित्त बुझाउन बाध्य भयो। एमाले धनुषाधाम–१ र डाक्नेश्वरी–४ मा चौथो स्थानमा समेटियो। धनुषाधाम–१ मा जितेको माओवादी केन्द्र रामगोपालपुर–२ र राजपुर–६ मा निकटतम प्रतिद्वन्द्वी भएपनि अन्य वडामा निकै कमजोर देखियो। डाक्नेश्वरी–१ मा जम्मा २९ मत पाएको माओवादीले डाक्नेश्वरी–४ मा ९ मत र ईशनाथ नगरपालिका–७ मा २४ मत भन्दा माथि उक्लनै सकेन। गढीमाई नगरपालिका–८ मा त माओवादीले उम्मेदवार पनि खडा गरेको देखिएन। गढीमाई नगरपालिका–८ मा वडा अध्यक्ष जितेको एकीकृत समाजवादी पार्टीले ईशनाथ नगरपालिका–७ बाहेक अन्यत्र प्रतिस्पर्धा गर्न सक्ने पार्टीका रुपमा उभिनै सकेन।

यसरी दलहरुको वडाको नतिजा आउँदा मधेश प्रदेशमा नयाँ शक्तिको रुपमा उदाएर परीक्षणकालमा रहेको जनमत पार्टी निकै फितलो देखिएको छ। मधेश प्रदेश सरकारमा मुख्यमन्त्रीको रुपमा पार्टीले सत्ता चलाइरहँदा र अघिल्लो सरकारहरुमा केन्द्रीय सरकारमा पनि केही मन्त्रीको जागिरे भइरहँदा जुन सपना उसले मधेश र देशमा बाँडेको थियो, त्यो सपनाबाट जनमतले अब थप उन्नति, प्रगति गर्न निकै मेहनत गर्नु पर्ने देखिएको छ। पार्टी अध्यक्षले विदेशमा समेत पुगेर प्र्रधानमन्त्रीको खिल्ली उडाउने, नेपालमा सभामुखको राजीनामा पनि माग्ने र मधेश प्रदेश सरकारमा अड्किरहने उसको भूमिका देखेर मधेशका जनता पनि बाठो भएर वडामा उसलाई कमजोर सावित गर्न लागेको देखिन्छ।

जसरी सामाजिक सञ्जालको मदतमा उदाएर देशकै चौथो शक्ति बनेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) अहिले उपनिर्वाचनमा प्रमुख वा पालिका अध्यक्ष, उपाध्यक्षको उम्मेदवार पनि उठाउन सक्ने अवस्थामा देखिएन। समग्रमा सत्ताका लागि पार्टी फुटाउने अशोक राईको जसपा र सत्तामा पुगेपछि अरु दल भन्दा फरक नदेखिएको जनमतसँगै रास्वपा पनि उपनिर्वाचनबाट कमजोर बनेको देखिएको छ।

# विशेष क्षमता र अपांगताका सबालमा



सञ्जय साह मित्र

कुनै शब्दले कसैलाई चित्त बुझ्दैन वा चित्तमा दुःख लाग्दछ भने उक्त शब्दका तिनका लागि प्रयोग नगरेको राम्रो। अर्को कुरो शारीरिक विशेषताका आधारमा कसैलाई नबोलाएकै राम्रो। अझ जुन कुरा आफ्नो काबुबाहिर हुन्छ वा जुन कुरामा आफू दोषी भइँदैन, त्यसको दोष लाग्ने किसिमले शब्दको प्रयोग गरेर बोलाउनु पनि नराम्रो हो। यसकारण शब्दको उपयोगमा भने विशेष सावधानी अपनाउनु सर्वथा उचित हुन्छ। बोली र लेखाइमा पनि सम्भव भएसम्म कसैलाई आक्षेप लाग्नु हुँदैन र कसैलाई लक्ष्यित गरेर हेप्ने, गाली गर्ने वा नराम्रो अर्थ लाग्ने गरी उल्लेख गर्नु हुँदैन। मानवता तथा नैतिकता र अन्य दृष्टिकोणले पनि विचार गर्नु उचित हुन्छ।

यहाँ अपांगता शब्द शरीर वा अंगको सन्दर्भमा गरिएको होइन। आजभोलि दिव्यांग भनिन थालिएको छ। म अत्यन्त हृदयदेखि नै यस्ता व्यक्तिप्रति सम्मान गर्दछु। शरीरमा कुनै कारणले कुनै अंगमा कुनै किसिमको अस्थायी वा स्थायी खराबी उत्पन्न हुन कोही पनि चाहँदैनन्। हरेक मानिस आफू निरोगी तथा स्वस्थ रहन चाहन्छन्। आफूप्रति शायदै कोही मानिस लापरवाह हुन्छन्। यति हुँदाहुँदै पनि विभिन्न किसिमका दुर्घटनाहरु भइरहेका खबरहरु सार्वजनिक हुन्छन्। दुर्घटनामा त कतिपय मानिसको दुःखद शारीरिक अवसान हुने गरेको पनि खबरहरु नआउने होइनन्। यो अत्यन्त हृदय विदारक हुन्छ। यस्ता दुर्घटनामा कतिपय मानिस घाइते पनि हुन पुग्छन्। घाइतेमध्ये कतिपयलाई जीवनभर घाउचोटको खत रहिरहने पनि हुन्छ। कतिपयलाई अंगभंग भएको पनि नपाइने होइन। फेरि पनि घाउचोट तथा अंगभंग कसैको पनि चाहना हुँदैन। यदि यस किसिमको समस्या कसैलाई भएको छ भने उनलाई यही कारणले केही भन्नु चाहिँ कदापि मनासिब होइन, भन्नै हुँदैन।

अध्यात्मवादीहरु भन्दछन् – मानव शरीर अत्यन्त मूल्यवान छ। भौतिकवादीहरुले पनि मानवको जीवनलाई निकै मूल्यवान मान्दछन्। अनि मानवको हरेक अंग चाहिँ अमूल्य हुनु स्वाभाविक हो। मानिसको जीवन जे जस्तो अवस्थामा छ, आफैँमा महत्वपूर्ण छ। नेपाली साहित्यलाई विश्वमा चिनाउने दुई प्रतिभा पारिजात र झमक घिमिरेको बौद्धिक क्षमता हाम्रो सामु छन्। यसै गरी विश्व प्रसिद्ध वैज्ञानिक स्टिफन हकिङको शारीरिक अवस्था कतिपसम्म कमजोर भएको थियो भने उनी हिँड्न सक्दैनथे, बोल्न सक्दैनथे। उनको ह्वील चेयरमा कम्प्युटर जडान गरिएको थियो। उक्त कम्प्युटरले हकिङको अनुहारको भाव र मस्तिष्कको आदेशको आधारमा काम गर्दथ्यो। सोही आधारमा उनले अनेक लेख लेखे, अनेक शोध र अनुसन्धान गरे। ती खोज र अनुसन्धानहरु विश्वमा विज्ञानका अमूल्य सम्पत्ति हुन्। यस्ता अनेक दृष्टान्तहरु देख्न र सुन्न पाइन्छ जहाँ शरीरले भन्दा मस्तिष्कले काम गरेको पाइन्छ। वास्तवमा शरीर निकै मूल्यवान छ तर शरीरले भन्दा मस्तिष्कले मानिसले बढी काम गर्ने रहेछन्।

शरीरबिना मस्तिष्कको कल्पना गर्न सकिँदैन। शरीर जति बलियो हुन्छ मस्तिष्क पनि त्यत्ति नै बलियो हुन्छ भन्ने होइन। कतिपय मानिसले शरीरको बलले काम गर्दछन् अनि कतिपय मानिस चाहिँ मस्तिष्कले। यस आधारमा नै श्रमलाई शारीरिक र मानसिक श्रममा विभाजन गरिएको पाइन्छ। हो, शरीर दिव्यांग हुँदा पनि मस्तिष्कले राम्रोसित काम गरेको अवस्था छ भने यस्ता व्यक्तिले पनि मस्तिष्कको भरमा काम गरिरहेका हुन्छन्। जसले पूर्ण स्वस्थ्य तथा सम्पूर्ण बाह्य अंग सामान्य अवस्थाको भएको मानिसको रुपमा जन्मेका हुन्छन् र कुनै कारणले कुनै अंगमा समस्या हुन्छ तब यस्ता मानिस बढी निराश हुन्छन्। निराशालाई वैज्ञानिक हकिङले जस्तो शक्तिमा बदलेर आफ्नो लागि मात्र नभएर संसारमा पनि नयाँ कुरा दिन सकिन्छ भन्ने किसिमले बाँच्नु पर्छ।

सबैभन्दा सुन्दर उपाय सन्तुष्ट हुन सिक्नु हो। यसको लागि समाजसेवाको बाटो रोज्न सकिन्छ। वैज्ञाानिकहरु तथा साहित्यकारहरुले गर्ने पनि समाजसेवा नै हो। समाजसेवाको क्षेत्र निकै व्यापक छ र हाम्रो भूमिका समाजसेवाको लागि अति आवश्यक छ भन्ने कुराको बोध हुनु पनि जरुरी छ। मानिसले आफूले आफूलाई ठुलो ठान्ने बन्नुभन्दा पनि समाजसेवाको बाटोमा लाग्ने हो भने शरीरले र मन वा बुद्धिले पनि काम दिने हुन्छ। यदि मन सन्तुष्ट हुन्छ भने धेरै कुराको फाइदा हुने रहेछ। सबैभन्दा ठुलो फाइदा खुसीकै हो। जब आफू खुसी भइन्छ भने अरुलाई पनि खुसी तुल्याउन सकिन्छ। अरुलाई खुसी दिने उपाय नै समाजसेवा भएको र समाजसेवाको भाव र भावनाको प्रस्फुटन मन वा मनोविज्ञान अर्थात व्यक्तिको मानसिक तहबाट हुने भएकोले यसको निस्पादनमा ध्यान दिनु उचित हुन्छ।

यसैले मलाई कहिलेकाहीँ लाग्दछ कि म सद्धे छुइन। अनावश्यक कुरामा जब मलाई रिस उठ्छ भने म मानसिक रुपमा कतै सबल छुइन कि जस्तो अनुभूति हुन्छ। जब अनावश्यक रुपमा अरुको काममाथि हस्तक्षेप गर्दछु, जब अत्यन्त आवश्यक व्यक्तिलाई सहयोग गर्न सक्दिनँ, जब ममा म हुनुको धेरै अहम भाव उच्च हुन्छ तब मलाई लाग्दछ कि कतै मानसिक रुपमा अझै सबल हुन बाँकी छ कि ? हो, यस्तै कसैप्रति म ज्यादै अनुरक्त हुन पुग्छु त्यत्ति बेला म आफू भ्रममा रहेको अनुभूतिसमेत गर्न पाउँदिन। यसै गरी म कसैको जब धुवाँधार विरोध गर्दछु, जब मलाई कसैको छायाँ नै मन पर्दैन, राम्रो काममा पनि घृणा नै देख्दछु तब मलाई लाग्दछ कि म कतै मानसिक रुपमा सबल हुन सकेको छैन। हो, शरीरको सबलताभन्दा मानसिक दुर्बलता अझ ठुलो कमजोरी हो कि जस्तो लाग्छ। जब म आफ्नो बुद्धि र ज्ञानलाई बन्धकी राखेर कसैको आलोचना वा कसैको प्रशंसा वा केवल आफ्नो स्वार्थ देख्दछु तब मलाई लाग्दछ कि म मेरो वास्तविक रुपलाई बिर्सिसकेको छु। के कुनै मानिसले आफ्नो वास्तविक स्वरुपलाई बिर्सेर अवास्तविक स्वरुपलाई आफ्नो मान्नु बौद्धिक रुपले सबल हुन हो ? मलाई त कुनै कुनै बेला यो लाग्दछ कि म शारीरिक रुपमा सबल हुन सकुँला तर मानसिक रुपमा सबल छुइनँ। आवश्यक धैर्य, निर्णय गर्ने क्षमता तथा अलिकति भए पनि दया, सद्भाव र निष्पक्षता छैन भने म कसरी मानसिक रुपमा सबल हुन सक्छु। यदि म मानसिक रुपमा सबल नभई दुर्बल छु भने मलाई लाग्छ कि म कतै पुरातन शब्दावलीमा कतै कुनाबाट अपांग पो छु कि ?

मानिसले शरीरले पनि प्रगति गर्न नसक्ने होइन। शरीरको पनि उपयोगिता रहेको छ। शरीरमा हुने बलको उपयोगिता पनि पर्याप्त छ। संसारमा शरीरको सुन्दरता, बलको पर्याप्तताको पनि विशिष्ट मूल्य रहेको छ। संसारमा रुपवानहरु चिनिएका छन्, बलवानहरु चिनिएका छन् र बुद्धिमानहरु चिनिएका छन्। हो, मसित जे छ, त्यसैमा मेरो परिचय हुनुपर्छ। यदि म कथित रुपमा कुरुप छु र कथित रुपमा बलहीन छु भने यदि ममा बौद्धिक सबलता छ भने मेरो परिचय माथि नै दिइसकिएका केही विश्व प्रसिद्ध व्यक्तित्वहरुजस्तो पनि हुन सक्छ। यसको लागि मैले प्रयास गर्नुपर्छ। मैले सार्थक प्रयास गर्नु उचित हुन्छ। मैले प्रयास पनि नगर्ने र अरुको प्रगतिलाई देखेर डाहा गर्ने, प्रगतिको बाधक बन्ने, अरुलाई हीन देख्ने, अनावश्यक आलोचना गर्ने दृष्टि र दृष्टिकोणबाट परिचालित भएँ भने म मानसिक रुपमा दुर्बल नै ठहरिन्छु। मेरो यथार्थ त्यही नै हुन जान्छ जुन मेरो व्यवहारमा देखिन्छन्। मेरो परिचय त्यसैमा सीमित हुन जान्छ। र, जब म यी कुरा बुझ्ने हुन्छु, बुझ्ने नहुन पनि सक्छु, तब म त्यसबेलासम्म आफूलाई मानसिक रुपमा अपांगता भएको व्यक्तिको रुपमा अनुभव गर्न सक्छु। यसकारण मलाई लाग्छ, अपांगता कोही व्यक्तिको सोच वा दृष्टिकोणमा हुन्छ, शरीरमा होइन। म शरीरले सबल र धेरै दृष्टिकोणमा बौद्धिक अपांग पनि हुन सक्छु।

अनि अपांगता भन्ने शब्दलाई कि त शब्दकोशबाट हटाउनु उचित हुन्छ हैनभने यसप्रतिको दृष्टिकोणमा नै परिवर्तन ल्याउनु पर्छ, यसको अर्थ नै बदल्नु पर्छ। अपांग को र कसलाई भन्ने ? सबालांग को र कति हदसम्म ? सबैभन्दा ठुलो कुरो मानवता हो। यदि ऊभित्र इच्छाशक्ति, प्रतिभा र कार्यशक्ति छ भने शरीरको मूल्य वा कुनै अंगको मूल्य बुझ्नुपर्छ। मानिसभन्दा ठुलो कुनै वा कोही पनि होइन भन्ने कुरो।

# अपांगता भएका दलित महिलामा विभेदका चाङ



शुष्मा बराली

डिसेम्बर ३ तारिखलाई अन्तर्राष्ट्रिय अपागंता दिवसका रूपमा मनाउने गरिन्छ। विश्वभर अपांग दिवस मनाइरहँदा, अपांगता भएका दलित महिलाको अवस्था भने निकै कष्टकर छ। नेपाली समाजमा कतिपयले अपांगतालाई पाप र कमजोरीको रूपमा हेर्ने भएकाले पनि परिवार, समाज र राज्यबाट अपहेलित र विभेद भोग्नुपर्ने अवस्था छ। खासमा अपांगता भएका दलित महिलामाथि हुने हिंसाबारे छलफल नै भएको पाइँदैन, जबकि उनीहरूमाथि हुने हिंसा र विभेदका चाङ अन्य महिलाभन्दा कैयौँ गुणा भारी छ।

**एक**

जनकपुरकी हीरादेवी दास शारीरिक अपांगता भएकी महिला हुन्। सानैमा पोलियो भयो। उपचारका क्रममा डाक्टरको लापरबाहीका कारण आफूमा शारीरिक अपांगता भएको उनी बताउँछिन्। जनकपूरमा रहेर अपांगता र दलित समुदायका लागि काम गर्ने उनी अपांगता भएका दलित महिलालाई हेला र घृणाको दृष्टिकोणले हेरिने बताउँछिन्। उनी भन्छिन्, 'तराई÷मधेशमा दलितलाई मान्छेसमेत नभन्ने अवस्था छ, अपांगता भएको दलित महिला हुनु कति कठिन होला यहाँ, आफै अनुमान गर्नुहोस्।'

उनले एक सन्दर्भ उल्लेख गरिन्,'एक दलित विद्यार्थीलाई उनको जातको कारण पढ्न दिइएको थिएन, त्यहाँ गएर उक्त बालकको पक्षमा बोलेपछि अहिले उनी विद्यालय गइरहेका छन्।' दलितका लागि आवाज उठाउने संस्था र व्यक्ति निकै कम भएकाले दलितमाथि आपराधिक क्रियाकलाप भइरहेको उनको भनाइ छ।

धेरै पटक आफूले छाडा गालीगलौज सुन्नु परेको बताउँदै उनले भनिन्, 'यतिसम्म कि यहाँ दलित समुदायका अपांगता भएका व्यक्तिको परिचयपत्र समेत बनाइदिँदैनन्।' आफूले केही अपांगता भएका दलितको परिचय पत्र बनाउन प्रशासनमा पटक पटक धाएर र झगडा नै गरेर बनाउन सकेको बताइन्।

**दुई**

चितवनकी मनमाया बिक न्यूनदृष्टि भएकी महिला हुन्। त्यहीँ रहेर अपांगताका सवालमा आवाज उठाउँदै आएकी उनी, अपांग सम्वन्वय समिति, राप्ती नगरपालिकाको अध्यक्ष छिन्। अपांगता भएका दलित महिलालाई हेर्ने दृष्टिकोण नै विभेदपूर्ण रहेको उनी बताउँछिन्। अपांगता भएका दलित महिला सूचना र जानकारीको पहुँचबाट वञ्चित रहेको उनको भनाइ छ।

ग्रामीण क्षेत्रका अपांगता भएका दलित महिलाको अवस्था निकै नाजुक रहेको उनी बताउँछिन्। दलित समुदाय पहिलेदेखि नै गरिबीको चपेटामा पिल्सिनुपरेकाले शिक्षाबाट वञ्चित हुन बाध्य रहेको उनले बताइन्। दलित समुदायका अपांगता भएका महिलालाई परिवारबाट नै स्वीकार्यता नहुँदा उचित शिक्षा र स्वास्थ्यबाट वञ्चित हुनुपरेको उनको भनाइ छ।

'पहिलो, दलित समुदायमा गरिबीका कारण परिवार शिक्षित हुँदैन। दोस्रो, अपांगतालाई कसरी व्यवहार गर्ने भन्नेबारे उनीहरूमा जानकारी नै छैन,' उनी भन्छिन्,'जनचेतनाबारे थाहा नै छैन, जसले गर्दा अपांगता भएका दलित महिला घरपरिवार र समाजबाट बाहिर आउनै सकेका छैनन्।'

अध्ययन गर्ने ठूलो रहर हुँदाहुँदै अपांगमैत्री संरचना नहुँदा पढ्न नपाएकी उनी आफ्नो आवाजमार्फत अपांगता भएका विशेष गरी दलित महिलाका हकमा क्रियाशील भई काम गर्दा सन्तोष लागेको बताइन्।

**तीन**

तीन वर्षकी मात्रै थिइन् धना परियार, जब उनको शरीर आगोले जलेको थियो। महिनावारी बार्न छाउगोठ बसेकी आमालाई भेट्न गएकी थिइन् उनी। काखे भाइलाई हेर्न जिम्मा दिएर आमा घाँस काट्न गएको बेला बल्दै गरेको आगोमा भुस थप्ने क्रममा आगो दन्कियो। बालख धनाले सानो भाइलाई जसोतसो बचाइन्, तर आफू भने बच्न सकिनन्। जलनपछिका कष्टकर दिनहरू सम्झँदा धनको मन अझै पनि अमिलो हुन्छ। यतिसम्म कि घर परिवारले कति समय त उनलाई छुट्टै ठाउँमा राखेर खाना दिन थाले।

जलनपछिको जीवन निकै कहालीलाग्दो रहेको उनी सम्झिन्छन्। 'गाउँ समाजमा अपांगता भएका व्यक्तिले तिर्खा लागेको बेला पानी पिउनसमेत बन्देज गरिन्थ्यो,' उनी भन्छिन्, 'अरूले खाएर बचेको खाँदासम्म पनि कति खाएकी हो भन्ने सुन्नु पर्थथ्यो' आजका दिनसम्म पनि सामाजिक कष्ट भोग्दै आउनुपरेको उनले बताइन्। महिला मात्रै हुनसमेत अपांगता भएका दलित महिलाले थुप्रै संघर्ष गर्नुपर्ने धनाको उनको भनाइ छ।

आफ्नो अनुभव सुनाउँदै उनी भन्छिन्,'अपांगता भएका दलित महिला पहुँचका आधारमा धेरै तल छन्।' जो अगाडि देखिन्छ, उसैलाई मात्र ठाउँ दिने र सहयोग गर्ने अभ्यासका कारण ग्रामीण भेगका अपांगता भएका दलित महिला सधैँ ओझेलमा रहेको उनको बुझाइ छ। त्यसमाथि, कर्णाली र सुदूरपश्चिममा रहेका अपांगता भएका दलित महिलाको अवस्था झनै कष्टकर रहेको उनले बताइन्।

**चार**

६ महिनाकी हुँदा आगोमा पर्दा दाहिने खुट्टा जल्यो कास्कीकी शर्मिला बिकको। उपचार गर्दासमेत उनका खुट्टाको औँलासमेत जोगाउन सकिएन। अहिले उनी कुर्कुच्चाले मात्र टेक्न सक्छिन्। बाहिरबाट हेर्दा सामान्य देखिए पनि आफ्नो अपांगताको पहिचान गराउन असहज हुने गरेको उनले बताइन्। दलित समुदायको आर्थिक अवस्था जीर्ण हुने हुँदा पारिवारिक कलहको जड नै अपांगता व्यक्तिसँग आएर ठोकिनेसमेत उनले बताइन्।

'छरछिमेकमा परिवारको अन्य विषयमा झगडा भए पनि अन्तिममा झगडाको जड घरको अपांग व्यक्तिमा आएर टुगिंने गर्छ,' उनले भनिन्। घरमा बाआमाको झगडाको कारण समेत बन्नुपर्दा कहिलेकाहीँ आफ्नो जीवन नै अभिसापझैँ लाग्ने उनी बताउँछिन्। अपांगता भएकोमा भन्दा धेरै दलित भएका कारण अवसरबाट वञ्चित गरिने अनुभव उनले सुनाइन्।

**पाँच**

दशकभन्दा लामो समय अपांगता क्षेत्रमा काम गरेकी काभ्रेकी पम्फा पुर्केटु शारीरिक अपांगता भएकी अभियन्ता हुन्। अन्य अपागंता भएका महिलाले भन्दा अपांगता भएका दलित महिला फरक–फरक तरिकाले हिंसाको सिकार हुनुपर्ने बताइन्। 'अपांगता भएको त्यसमा पनि दलित महिलाले जीवन जिउन पलपल विद्रोह गरिरहनु पर्छ,' उनले भनिन्। पुकोर्टी 'दलित अपांगता भएका व्यक्ति'को संस्थाकी केन्द्रीय अध्यक्षको रूपमा कार्यरत छिन्।

समग्र अपांगता भएका व्यक्तिको अधिकारको क्षेत्रमा काम गर्दा आफ्नो समुदायका व्यक्ति बढी उत्पीडनमा परेको महसुस भएपछि उक्त संस्था स्थापना गरेको बताइन्। दलित अपांगता भएका व्यक्तिहरूको संघ स्थापना भएको एक वर्ष नाघेको उनले बताइन्।

'अन्य अपांगता भएको महिलाभन्दा अपांगता भएका दलित महिला घरबाट समेत बाहिर आउन सकेका छैनन्' उनी बताउँछिन्। सामाजिक÷भौतिक अवरोध र अपांगमैत्री संरचना नहुँदा शिक्षा र स्वास्थ्यबाट अपांगता भएका दलित महिला वञ्चित भएका उनको भनाइ छ। खासगरी गरिब र राजनीतिक रूपमा पहुँच नभएका अपांगता भएका दलित महिलाको अवस्था निकै कष्टकर रहेको उनी बताउँछिन्।'अपांगता भएका दलित महिलालाई परिवारले समेत बोझ ठान्दै व्यवहार गर्ने गरेकाले, तिनले मानव हुनुको प्रत्याभूति गर्न पाएका छैनन्,' उनले भनिन्। विभिन्न संघसंस्था र स्थानीय तहले प्रदान गर्ने सिपमूलक तालिमबाट समेत उनीहरू वञ्चित रहेको उनले बताइन्।

**सामाजिक अस्वीकार्यतादेखि नेतृत्व तहसम्म विभेद**

अपांगता भएका अन्य समुदायका व्यक्तिहरूले दलित समुदायका व्यक्तिको नेतृत्व स्विकार्न नचाहने उनको अनुभव पुर्केटुको रहेको छ। 'समग्र अपांगतालाई एउटै टोकरीमा राखेर गरिने व्यवहार, क्षमता भए पनि 'दलित त हो नि !' भनेर अवसरबाट वञ्चित गरिने परिपाटी ज्युँका त्युँ छ,' पुर्कोटीले अनुभव सुनाइन्। अधिकारको क्षेत्रमा कार्यरत संघसंस्थादेखि नेतृत्व गर्ने कथित उच्च जातीयहरूले नै दलित अपांगता भएको महिलाको नेतृत्व स्वीकार नगरेको उनको भनाइ छ।

अपांगता हुँदाको विभेद त छ नै, दलित समुदायका महिलालाई बिचराको पात्रको रूपमा हेर्ने, दया र उद्धार गरिदिऊँ न भन्ने भाव अधिकांशमा रहेको उनले बताइन्। समावेशिताको प्रश्न आउने भयले मात्र केही संस्थाहरूले बोर्डमा दलित अपांगता प्रतिनिधि टोकनका रूपमा राख्ने चलन भएको तर निर्णायक भूमिका भने नदिइने उनको भनाइ छ।

परिवारबाट नै तिरस्कृत हुनुपर्ने बाध्यताले अपांगता भएका महिला आफूमाथिको हिंसा बाहिर ल्याउनसमेत हिचकिचाउने गरेको बताइन् धना परियारले। 'अपांगतालाई भाग्य र पाप धर्मसँग जोड्दै पीडितमाथि उल्टै मानसिक भय थोपरिन्छ,' उनले भनिन्। अपांगता भएका, त्यसमाथि दलित समुदायका व्यक्तिले घरमा पाइला टेके अशुभ हुनेदेखि अनुहार समेत देख्न नहुनेजस्ता विकृत मानसिकता कतिपय समाज र व्यक्तिमा रहेको उनले बताइन्।

शर्मिला बिकका अनुसार अपांगता भएका दलित महिलालाई कोटा पूरा गर्न, भोट बैंकका रूपमा मात्र प्रयोग गर्ने बताइन्। 'संस्थाको मुख्य पदको लागि जब दलित महिलाले दाबी गर्छन्, तब अन्य गैर दलित अपांगता भएका महिलाको नजरमा कसिङ्गर बन्नुपर्ने यथार्थ छ,' उनले भनिन्। स्थानीय तहदेखि केन्द्रीय तहसम्म अनिवार्य रूपमा नेतृत्व दिनै पर्ने कानूनी व्यवस्था नभएसम्म अपांगता भएका दलित महिलाको अवस्था माथि उठ्न नसक्ने उनको जिकिर छ।

**पहुँचभन्दा पर अपांगता भएका दलित महिला**

समग्र रूपमा हेर्दा संसारमा सबैभन्दा बढी उत्पीडनमा पर्ने महिला हुन् र सबैभन्दा बढी पिँधमा छन् दलित महिला। दलित महिलामा पनि मधेशी दलित महिलाको अवस्था दयनीय छ। दलित महिलामा पनि अपांगता भएका दलित महिलाले भोग्नु पर्ने पीडा र विभेदको चाङको चुली नै छ। सरकारले अपांगता भएका व्यक्तिका लागि निःशुल्क शिक्षा र सीपमूलक तालिम भनेको भए पनि उक्त अवसरबाट अपांगता भएका दलित महिला वञ्चित रहेको हिरादेवी दासले बताइन्।

लोकसेवा, शिक्षासेवालगायत कुनै तालिम र सेवा सुविधाबारे अपांगता भएका दलित महिलासम्म सूचना नै नपुग्ने÷जानकारी नै नदिइने उनले बताइन्। 'यतिसम्मकि यतातिर त दलित महिलाको लागि आएको कोटालाई केही पैसा लिएर अरूलाई नै दिने गरिन्छ,' उनले भनिन्। समाजका राजनीतिक पहुँच भएका मान्छेहरूले त्यसो गर्ने उनको बुझाइ छ।

अपांगताका विषयमा स्थानीय प्रशासनलगायत सरकारी कार्यालयमा जानुपर्दा भौतिक संरचना नै पहिलो बाधक हुने हीरादेवी दास बताउँछिन्। 'अपांगताका सवालमा काम गर्दा प्रशासन धेरै पटक धाउनुपर्छ, तर भवन २ तला, ३ तला माथि हुँदा अपांगता भएका व्यक्तिलाई समस्या पर्छ,' उनले भनिन्। सामान्य शारीरिक अपांगता भएका व्यक्तिहरू जसोतसो गए पनि जटिल अपांगता भएका व्यक्तिलाई सा¥है समस्या रहेको उनको भनाइ छ।

सरकारले निःशुल्क शिक्षा, स्वास्थ्य, क्षमता अभिवृद्धिका तालिम भने पनि, अपांगता भएका दलित महिलाहरूको पहुँचभन्दा पर रहेको पम्फा पूर्कोटी बताउँछिन्। उनी भन्छिन्, 'भौतिक संरचना अभाव, जनचेतनाको कमी, अपांगतालाई बोझको रूपमा लिने सोच, गरिबी प्रमुख अवरोध हुन्।' भौतिक संरचना, पाठ्यपुस्तकलगायत तथा सामाजिक स्वीकार्यता नहुँदा अपांगता भएका व्यक्ति शिक्षा, स्वास्थ्यलगायत सेवा सुविधाबाट वञ्चित रहको उनले बताइन्। अन्य समस्यासँगै अपांगता भएका दलित महिलाले मानसिक र शारीरिक यौनजन्य हिंसाको सिकार भइरहेको उनी बताउँछिन्।

**अपांगता भएका दलित महिलाका मुद्दामा छैन चासो**

अपांगताका भएकाहरूसँग जाँदा यो त दलित हो भनेर पन्छाइदिने, महिलाको भीडमा जाँदा यो त दलित महिला हो भनेर तर्काइदिने र दलितहरूका बीचमा जाँदा यो त केही नजानेको भन्दै पन्छाइदिने गरेको अनुभव धना परियारले सुनाइन्। अधिकार र हकका कुरा गर्नेहरूबाटै बहिष्कारको पीडा सहन बाध्य उनले बताइन्।

अशक्तताको गम्भीरताको आधारमा सामान्यतः पूर्ण अशक्त अपांगता, अति अशक्त अपांगता, मध्यम अपांगता र सामान्य अपांगताका वर्गीकरण हुन्छन्। नेपाल सरकारले परिभाषित अपांगतालाई दश प्रकारले वर्गीकरण गरेको छ; शारीरिक अशक्तता÷अपांगता, दृष्टिसम्बन्धी अपांगता, मानसिक वा मनोसामाजिक अपांगता, बौद्धिक अपांगता, सुनाइसम्बन्धी अपांगता, श्रवण दृष्टिविहीन अपांगता, स्वर र बोलाइसम्बन्धी अपांगता, अनुवंशीय रक्तस्राव (हेमोफिलिया)सम्बन्धी अपांगता, अटिजमसम्बन्धी अपांगता र बहुअपांगता रहेको उल्लेख गरेको छ। जसमा मानसिक÷ मनोसामाजिक अपांगता र बौद्धिक अपांगता भएका महिलाहरू सबैभन्दा बढी शारीरिक हिंसाको सिकार हुन बाध्य रहेको पुकोर्टीले जानकारी दिइन्।

२०७८ सालको राष्ट्रिय जनगणनाअनुसार नेपालको कुल जनसंख्या दुई करोड ९१ लाख ६४ हजार ५७८ रहेको छ, जसमा अपांगता भएका व्यक्तिको संख्या ६ लाख ४७ हजार ७४४ रहेको जनाएको छ। जसमा महिला २ प्रतिशत र पुरुष २.५ प्रतिशत देखाएको छ। तर जातिगत तथ्याकं र अपांगता भएका दलित समुदायका महिलाको तथ्याकं भने कतै भेट्टाउन सकिएन।

धेरै अपांगता भएका दलित महिलालाई विभेद भनेको के हो भनेर नै जानकारी नभएको हुँदा आफू हिंसामा परेको छु भनेर उनीहरूलाई बुझाउन आवश्यक रहेको पुकोर्टीले बताइन्। 'परिवारदेखि राज्यसम्म अपांगता भएकाप्रति संवेदनशील हुनुका साथै अवसर दिनुपर्छ,' उनी भन्छिन्, 'विद्यालय स्तरबाटै यसबारे चेतना दिन सकिन्छ, स्थानीय तहदेखि नै प्रेम र सम्मानका साथ सिपमूलक तालिमको व्यवस्था गर्न सक्नुपर्छ।' अपांगता भएका दलित महिला स्वयम् उपस्थिति हुने अवस्था नभए उनको परिवारको कोही सदस्य वा आमालाई कुनै तालिम दिएर आर्थिक रूपमा सबल बनाउन प्रयत्न गर्नुपर्ने उनको बुझाइ छ। अपांगता भएका दलित महिलाको अपांगताको अवस्था हेरी व्यापार व्यवसाय, सिपमूलक तालिम, शिक्षा तथा सिकाइको अनिवार्य व्यवस्था गरी लागू गर्नुपर्ने हीरादेवी दास बताउँछिन्।

स्थानीय तहदेखि केन्द्रीय तहसम्म अपांगता भएका दलित व्यक्तिलाई शिक्षा र स्वास्थ्यको अनिवार्य पहुँचमा पु¥याउनुपर्ने धना बताउँछिन्। शिक्षा, स्वास्थ्य, खाना नागरिकको नैसर्गिक अधिकार भएकाले सरकारले सोअनुसार काम गर्न दबाब दिनुपर्ने उनको भनाइ छ। राज्यको संरचनामा खास जातमैत्रीको बाहुल्यता रहेकाले दलित त्यसमा अपांगता भएका महिलालाई बेवास्ता गरिएको उनले बताइन्।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# ‘मूलधारका दल र नेतृत्वप्रति जनताको भरोसा’



**काठमाडौँ ।**
राजनीतिक दलका नेताहरुले स्थानीय तहको उपनिर्वाचनको मतपरिणामले फेरि पनि मूलधारका राजनीतिक दल र नेतृत्वप्रति नै जनताले भरोसा गरेको प्रतिक्रिया दिएका छन् ।

आइतबार सम्पन्न स्थानीय तहको उपनिर्वाचनको नतिजा सार्वजनिक भएपछि रासससँगको कुराकानीमा उनीहरुले तपरिणालाई लिएर आत्तिने, मात्तिने र हौसिने अवस्था नरहेको र जनतातर्फ फर्कनुपर्ने सन्देश दिएको बताए ।

सहर र तराई मधेसमा माओवादीको प्रगतिः हितराज पाण्डे, प्रमुख सचेतक, नेकपा (माओवादी केन्द्र)

पार्टी नेतृत्वले बारम्बार जनतातर्फ फर्कनुपर्छ भनेर राख्दै आएको विचारलाई निर्वाचनको परिणामले पुष्टि गरेको छ । जति स्थानमा पार्टीका उम्मेदवार विजयी भएका छन्, त्यसले धेरै राम्रो सन्देश दिएको छ । जहाँ निकटतम प्रतिस्पर्धामा पुगेको अवस्था छ, यो खुसीको विषय हो ।

देश र जनतालाई गोलबन्द गरेर लैजान विचार र नेतृत्व नै मुख्य कुरा रहेछ भन्ने प्रमाणित भएको छ । निर्वाचनको परिणाम महत्वपूर्ण सङ्केतका रुपमा आएको छ । माओवादी पार्टी र नेतृत्वप्रति जनताको सकारात्मक भाव प्रकट भएको छ, यसलाई हामीले विगतमा भएका कमीकमजोरीलाई सच्याएर बढ्नुपर्छ भन्ने पनि देखिएको छ ।

उत्पीडित जनताको पक्षमा केन्द्रित हुनुपर्नेछ । सहरी र तराई मधेशका क्षेत्रमा पार्टीका विचार प्रवाह गर्न सकेका थिएनौं, अहिलेको जनमतले त्यसतर्फ प्रगति भएको देखाएको छ । निर्वाचनले धेरै मात्तिनु र आत्तिनु पनि हुँदैन भन्ने सन्देश दिएको छ ।

मूलधारका दल र नेतृत्वप्रतिको भरोसा नवीकरणः महेश बर्तौला, मुख्य सचेतक, नेकपा (एमाले)

लोकतन्त्रमा जनताको अभिमतलाई सबैले स्वीकार गर्नुपर्छ । अहिलेको परिणामलाई एमालेले सहर्ष स्वीकार्दै ग्रहण गरेको छ । निर्वाचन परिणामबाट आत्तिन, निराश र हौसन पर्ने परिस्थिति छैन । जनताले उम्मेदवारलाई हेरेर दलहरुका सम्बन्धमा पनि अदलबदल गर्न सक्छन् भन्ने परिणामबाट देखिएको छ ।

एउटा निर्वाचनलाई हेरेर त्यो स्थानमा त्यही दलको वर्चस्व रहन्छ भन्ने विषय परिणामले देखाएन । मूलधारका प्रमुख राजनीतिक शक्तिप्रति नै नागरिकको भरोसा देखाएको छ । जनताले समयक्रममा निर्णय फेरबदल गर्न सक्छन् है भन्ने देखाएको छ ।

नतिजा तीन दलकै पोल्टामा गएकाले भरोसा पनि यिनै दलप्रति छ भन्ने सन्देश आएको छ । यो परिणामले कसैलाई हौसाउने, कसैलाई निराश बनाउने गरेको छैन, आमरुपले मूलधारका राजनीतिक दल र नेतृत्वप्रति भरोसा रहेको कुराको नवीकरण गरेको छ ।

मतदाताको समर्थनलाई विश्वासमा परिणत गर्नुपर्छः विश्वप्रकाश शर्मा, महामन्त्री, नेपाली कांग्रेस

उपनिर्वाचनमा मतदाताले व्यक्त गरेको मतमार्फत प्राप्त सन्देशको विस्तृत रुपमा पछि विश्लेषण र समग्र समीक्षा गरिनेछ । प्रारम्भिक समीक्षामा ‘एक्लै लडेर प्राप्त स्थान’ लाई सन्तोषजनक एवं उत्साहवद्र्धक सङ्केतका रूपमा लिएका छौँ ।

उपनिर्वाचनमा मतदाताको व्यापक सहभागिताले लोकतान्त्रिक प्रणालीप्रति नागरिकको समर्थन र ऐक्यबद्धता फेरि एकपटक बलियो रूपमा प्रदर्शित भएको छ । मुलतः मुख्य दलहरूप्रति मतदाताले प्रकट गरेको समर्थनलाई विद्यमान प्रणालीमार्फत प्रगतिको दिशामा प्राप्त ऐक्यबद्धताका रूपमा लिएर तिनै तहका सरकारले काममा गति बढाउँदै नागरिक विश्वास अझ बलियो बनाउन जरुरी छ ।

लोकतन्त्रमा शत्प्रतिशत स्थानमा जितको अपेक्षा लोकतान्त्रिक सोच हुन्न, तर जित र हार व्यहोरेका सबै स्थानको कारण र प्रवृत्तिको वस्तुगत समीक्षा आगामी चुनावी रणनीति निर्माणका लागि महत्वपूर्ण रहने निष्कर्ष छ ।

मतपरिणामले सङ्गठनको आवश्यकता खड्कियाः मनिष झा, कार्यवाहक प्रवक्ता, राष्ट्रिय स्वतन्त्र पार्टी

राजनीतिक दल, दलको विचार, कार्यक्रम, अवस्था र परिस्थिति, उम्मेदवारको व्यक्तित्व, उम्मेदवारको एजेण्डा र व्यक्तिगत नाफाघाटाको सूचकका आधारमा उम्मेदवारलाई मतदाताले मूल्याङ्कन गरेर निर्णय गरेको पाइन्छ ।

राजनीतिक दलको स्थापना र सङ्गठनका आधारमा रास्वपा सुरुआती चरणमा छ । सङ्गठनको आवश्यकता निकै खड्केको देखियो । सहरी क्षेत्रका मतदाताले पार्टीलाई उत्साहित बनाए पनि दूरदराज र गाउँगाउँमा सङ्गठन बनाउनुपर्ने देखियो । चुनावका नतिजाले मतदाताबीचमा राजनीतिको स्पष्ट मार्गको कमी देखियो ।

कामदार वर्ग एक हुनुपर्छः प्रेम सुवाल, नेता, नेपाल मजदुर किसान पार्टी

हाम्रो जस्तो मुलुकमा चुनाव एउटा वर्ग सङ्घर्ष जस्तै हो । स्थानीय तहको उपनिर्वाचनको मतपरिणामले कामदार वर्ग कमजोर जस्तो देखियो । त्यसकारण यो वर्ग एकजुट हुनुपर्छ । रासस

# स्थानीय तह उपनिर्वाचनः
# सबै नतिजा सार्वजनिक

**काठमाडौँ ।**
स्थानीय तहको रिक्त ४१ पदका लागि आइतबार भएको उपनिर्वाचनको सबै नतिजा सार्वजनिक भएको छ ।

निर्वाचन आयोगका अनुसार काठमाडौँको कीर्तिपुर नगरपालिकाका प्रमुख, दोलखाको गौरीशङ्कर गाउँपालिका उपाध्यक्ष, हुम्लाको सर्केगाड गाउँपालिका उपाध्यक्ष र उदयपुरको बेलका नगरपालिका–९ को वडाध्यक्षको मतगणना सम्पन्न भएसँगै मतपरिणाम सार्वजनिक भएको हो ।

कीर्तिपुर नगरपालिकाको प्रमुखमा कांग्रेसका कृष्णमान डङ्गोल पाँच हजार तीन सय ३४ मत प्राप्त गरी विजयी भएका छन् । उनका निकटतम प्रतिस्पर्धी नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का शिवशरण महर्जनले चार हजार पाँच सय ५५ मत प्राप्त गरे । यस्तै, नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सुरेन्द्र मानन्धरले चार हजार तीन सय २७ र स्वतन्त्र उम्मेदवार राजमान महर्जनले दुई हजार ३६ मत प्राप्त गरे ।

दोलखाको गौरीशङ्कर गाउँपालिकाको उपाध्यक्षमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उम्मेदवार उमा लुङ्केली मगर शेर्पा विजयी भएका छन् । उनले दुई हजार आठ सय पाँच मत प्राप्त गर्दा निकटतम प्रतिस्पर्धी नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का उम्मेदवार निम लेकी शेर्पाले दुई हजार छ सय मत प्राप्त गरे ।

यस्तै, नेपाली कांग्रेसका उम्मेदवार पासदिकी तामाङले एक हजार सात सय २७ मत, राष्ट्रिय प्रजातन्त्र पार्टीका मनकुमारी श्रेष्ठले एक सय १८, राष्ट्रिय स्वतन्त्र पार्टीका गोमा श्रेष्ठले एक सय, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का रविना खड्काले ९० मत प्राप्त गरेको निर्वाचन आयोगले जनाएको छ ।

हुम्लाको सर्केगाड गाउँपालिकाको उपाध्यक्षमा माओवादी केन्द्रकी देवकी तिमिल्सिना विजयी भएकी छिन् । नेपाली कांग्रेसका उम्मेदवार सविता बुढालाई पछि पार्दै माओवादी केन्द्रका उम्मेदवार तिमिल्सिना ४३ मत अन्तरले विजयी भएकी हुन् । सर्केगाडमा छ हजार आठ सय १० मतदाता रहेकामध्ये चार हजार पाँच सय २४ मत खसेको थियो । तिमिल्सिनाले एक हजार छ सय ३७ मत ल्याएर विजय हासिल गरेका हुन् । उनकी निकटतम् प्रतिद्वन्द्वी नेपाली कांग्रेसकी सविता बुढाले एक हजार पाँच सय ९४, नेकपा एमालेकी जाना शाहीले एक हजार एक सय ३२, राष्ट्रिय प्रजातन्त्र पार्टीकी सङ्गीता शाहीले ५१, राष्ट्रिय स्वतन्त्र पार्टीकी बाँचा बुढाले २५ र स्वतन्त्र उम्मेदवार नरेश शाहीले नौ मत प्राप्त गरे ।

आयोगका अनुसार उदयपुरको बेलका नगरपालिका–९ को वडाध्यक्षमा माओवादी केन्द्रका भरत घिमिरे पाँच सय ५९ मत प्राप्त गरी विजयी भएका छन् । उनका निकटतम प्रतिस्पर्धी मोहन खड्काले पाँच सय २५, नेपाली कांग्रेसका नवराज बस्नेतले चार सय चार, जनता समाजवादी पार्टीका राजकुमार राईले दुई सय सात, राष्ट्रिय स्वतन्त्र पार्टीका तेजमान विश्वकर्माले एक सय २३ मत प्राप्त गरेका छन् ।

मत परिणामअनुसार कांग्रेसले कीर्तिपुरको प्रमुखसहित १६ वडाध्यक्षमा जीत हासिल गरेको छ । यसैगरी एमाले एक गाउँपालिका अध्यक्ष, दुई गाउँपालिका उपाध्यक्ष र पाँच वटा वडामा विजयी भएको छ । माओवादी केन्द्रले एक गाउँपालिका अध्यक्ष, दुई गाउँपालिका उपाध्यक्ष र एक नगरपालिका उपाध्यक्षसहित सात वटा वडामा जीत हासिल गरेको छ ।

उपनिर्वाचनमा जसपा नेपाल दुई, एकीकृत समाजवादी, राष्ट्रिय स्वतन्त्र पार्टी, नेपाल मजदुर किसान पार्टी एक÷एक स्थानमा विजयी हुँदा एक स्वतन्त्र उम्मेदवारले पनि वडाध्यक्षमा स्थान बनाउनुभएको छ । कूल ४४ पदका लागि उपनिर्वाचनको कार्यतालिका रहे पनि आइतबार ४१ पदका लागि मात्रै मतदान भएको थियो ।

ओखलढुङ्गा र कैलालीको जिल्ला समन्वय समितिको प्रमुख र रुकुमपूर्वको पुथा उत्तरगङ्गा–२ को वडाध्यक्ष निर्विरोध निर्वाचित भएका थिए । आयोगका अनुसार नगरपालिकाका प्रमुख एक जना, उपप्रमुख एक जना, गाउँपालिकाका अध्यक्ष दुई जना, उपाध्यक्ष चार जना तथा वडाध्यक्ष ३३ जना गरी जम्मा ४१ पदका लागि भएको उपनिर्वाचनमा राजनीतिक दलका दुई सय ७४ जना र स्वतन्त्र एक सय दुई जना गरी जम्मा तीन सय ७६ उम्मेदवार थिए ।




### कहाँ को निर्वाचित ?

मोरङको ग्रामथान गाउँपालिकाको अध्यक्षमा माओवादी केन्द्रका नमोनारायण माझी छ हजार नौ सय ६९ मत प्राप्त गरी विजयी भए । उनका प्रतिस्पर्धी कांग्रेसका बलराम सरदार थारुले पाँच हजार तीन सय ३३ मत प्राप्त गरे ।

दैलेखको महाबुँ गाउँपालिकाको अध्यक्षमा एमालेका जङ्गबहादुर शाही तीन हजार एक सय २७ मतसहित विजयी भए । उनका प्रतिस्पर्धी कांग्रेसका झलकबहादुर भण्डारीले दुई हजार छ सय ७५ मत ल्याए ।

जाजरकोटको नलगाड नगरपालिकाको उपप्रमुखमा माओवादीका देवका लामिछाने चार हजार दुई सय ७२ मत पाई निर्वाचित भए । उनका निकटतम् प्रतिस्पर्धी कांग्रेसका इन्द्रा चन्द (सिंह) ले तीन सय एक सय ४७ मत प्राप्त गरे ।

रुकुम (पूर्व भाग) को पुथा उत्तरगङ्गा गाउँपालिकाको उपाध्यक्षमा माओवादी केन्द्रका नरपुर बुढा तीन हजार छ सय २७ मत ल्याएर विजयी भए । उनका प्रतिस्पर्धी एमाले–कांग्रेस गठबन्धनका उम्मेदवार केशकुमारी तुलाचनले दुई हजार एक सय २८ मत मात्रै पाए । बाजुराको स्वामीकार्तिक खापर गाउँपालिका उपाध्यक्षमा एमालेका सुलोचनाकुमारी भण्डारी विजयी भए । उनले एक हजार सात सय ४० मत ल्याउँदा कांग्रेसका पुल्तीसरा शाहीले एक हजार चार सय ७४ मत पाए ।

ताप्लेजुङको सिरिजङ्गा गाउँपालिका–३ मा एमालेका कुमारी सावादेन तीन सय ५३ मतसहित विजयी भएकी छिन् । उनका निकटतम् प्रतिद्वन्द्वी माओवादी केन्द्रका अम्बी साउदेनले दुई सय ५१ मत प्राप्त गरे । झापाको कन्काई नगरपालिका वडा नं ६ मा स्वतन्त्र उम्मेदवार लक्ष्मीप्रसाद ओली चार सय ९३ मत प्राप्त गरी विजयी भए । उनका प्रतिद्वन्द्वी एमालेका तुलाराम बस्नेतले तीन सय ५६ मत पाए ।

तेह्रथुमको लालीगुराँस नगरपालिका–८ मा कांग्रेसका नगेन्द्र लिम्बू चार सय ४० मत प्राप्त गरी विजयी भए । उनीसँग एमालेका बुद्धबहादुर लिम्बू तीन सय ६० मत प्राप्त गरी पराजित भए । सुनसरीको गढी गाउँपालिका–६ मा कांग्रेसका तेतर साहु आठ सय १६ मत प्राप्त गरी विजयी हुँदा माओवादी केन्द्रका कुशेश्वर खेरवार सात सय ९४ मत प्राप्त गरी पराजित भए ।

ओखलढुङ्गाको मोलुङ गाउँपालिका–५ मा एमालेका गङ्गाबहादुर तामाङ तीन सय ९९ मत प्राप्त गरी विजयी भए । उनका प्रतिस्पर्धी कांग्रेसका घनश्याम दाहाल एक सय ७७ मत पाएर पराजित भए । उदयपुरको त्रियुगा नगरपालिका–१२ मा माओवादी केन्द्रका नवीनकुमार वान्तवा राई विजयी भए । उनले नौ सय २३ मत पाउँदा एमालेका लक्ष्मीनारायण चौधरीले छ सय आठ मत प्राप्त गरे ।

सप्तरीको डाक्नेश्वरी नगरपालिका–१ को वडाध्यक्षमा जनता समाजवादी पार्टी, नेपालका धीरेन्द्रकुमार साह निर्वाचित भएका छन् । उनीसँग कांग्रेसका भूलियादेवी थरुनी पाँच सय ८७ मत मात्र प्राप्त गरी पराजित भए । डाक्नेश्वरी–४ मा जनता समाजवादी पार्टी नेपालकै देवेन्द्रप्रसाद यादव तीन सय ७२ मत प्राप्त गरी विजयी भए । उनका प्रतिस्पर्धी कांग्रेसका जोगिन्द्रराय अमातले दुई सय ७७ मत पाए ।

धनुषाधाम नगरपालिका–१ मा माओवादी केन्द्रका सुनील कापर केवट छ सय ८४ मतसहित विजयी भए । उनका प्रतिस्पर्धी कांग्रेसका अशोककुमार मण्डलले छ सय दुई मत प्राप्त गरे । महोत्तरीको रामगोपालपुर नगरपालिका–२ को वडाध्यक्षमा एमालेका सकिवुल खाँ छ सय ३१ मत प्राप्त गरी निर्वाचित भए । उनका प्रतिस्पर्धी आइतीकुमारी यादवले पाँच सय ३४ मत प्राप्त गरे ।

रौतहटको ईशनाथ नगरपालिका–७ मा कांग्रेसका शेख अब्दुल खलिक छ सय २७ मतसहित विजयी हुँदा एमालेका शेख अनवार पाँच सय ७५ मत प्राप्त गरेका थिए । गढीमाई नगरपालिका–८ एकीकृत समाजवादीका बजरङ्गी प्रसाद यादवले छ सय ५५ मत प्राप्त गरी निर्वाचित भए । उनका प्रतिस्पर्धी एमालेका जीउतीदेवी यादवले छ सय ३१ मत पाए ।

रौटहटकै राजपुर नगरपालिका–६ को वडाध्यक्षमा कांग्रेसका समसे आलम सात सय ४४ मतसहित विजयी हुँदा माओवादीका जिकरलाह चार सय ६३ मत पाई पराजित भए । नुवाकोटको ककनी गाउँपालिका–२ मा माओवादी केन्द्रका कृष्ण घिमिरे एक हजार ८५ मत प्राप्त गरी विजयी भए । कांग्रेसका सूर्य तामाङले पाँच सय ८७ मत प्राप्त गरे ।

काठमाडौँ महानगरपालिका–१६ का वडाध्यक्ष रोजिना श्रेष्ठले दुई हजार नौ सय दुई मत प्राप्त गरी विजयी हुँदा उहाँका प्रतिस्पर्धी एमालेका लक्ष्मीरत्न तुलाधरले दुई हजार दुई सय २० मत प्राप्त गरी पराजित भए ।

काठमाडौँका कीर्तिपुर नगरपालिका–१ मा कांग्रेसका इच्छाकुमार महर्जन पाँच सय ६२ मत पाई निर्वाचित भए भने एमालेका हर्ष महर्जनले चार सय ९८ मत मात्रै पाए । वडा नं ४ मा कांग्रेसका राजेन्द्र बानियाँ विजयी भए । उनले सात सय ४२ मत पाउँदा स्वतन्त्र उम्मेदवार पविता खड्का (अधिकारी) ले चार सय ९५ मत पाए ।

मकवानपुरको हेटौँडा उपमहानगरपालिका १२ को वडाध्यक्षमा कांग्रेसका अर्जुनप्रसाद तिवारी दुई हजार ६३ मतसहित विजयी भए । उनका प्रतिस्पर्धी माओवादीका रविकुमार प्रधान एक हजार पाँच सय ६० मतसहित पराजित भए ।

गोरखाको गोरखा नगरपालिका–५ को वडाध्यक्ष पदमा माओवादीका विष्णुबहादुर मगर चार सय ८६ मत प्राप्त गरी निर्वाचित हुँदा प्रतिस्पर्धी भाइकाजी आलेले चार सय दुई मत मात्र पाए । गुल्मीको मुसिकोट नगरपालिका–१ को वडाध्यक्षमा कांग्रेसका आनन्द श्रेष्ठले एक हजार एक सय ८४ मत प्राप्त गरी विजयी भए । उनका प्रतिस्पर्धी एमालेका दलबहादुर थापाले नौ सय ३० मत पाए ।

कपिलवस्तुको शुद्धोधन गाउँपालिका–१ मा एमालेका मोहमद ताहिर मुलसलमाले एक हजार एक सय ५० मतसहित विजयी भए । उनका प्रतिस्पर्धी कांग्रेसका दिनेशकुमार यादवले एक हजार ७६ मत पाए । रोल्पाको रुन्टीगढी गाउँपालिका–४ मा कांग्रेसका भूपमणि पुनमगर छ सय ४३ मतसहित विजयी हुँदा एमालेका वेगम पुनले पाँच सय ३५ मत पाए ।

बर्दियाको ठाकुरबाबा नगरपालिका–४ मा कांग्रेस उम्मेदवार अमिन थारु एक हजार ४३ मत ल्याएर विजयी भए । उनका प्रतिस्पर्धी शेरबहादुर थारुले छ सय ७८ मत पाए । डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका–५ को वडाध्यक्षमा माओवादीका नरबहादुर झाँक्री एक सय ६१ मतसहित निर्वाचित भए । उनका प्रतिस्पर्धी नरबहादुर रोकाले एक सय १६ मत पाए । कालिकोटको तिलागुफा नगरपालिका–४ मा नेपाल मजदुर किसान पार्टीका खड्गराज शाही एक सय ४३ मतसहित विजयी हुँदा प्रतिस्पर्धी माओवादीका नौशोभा शाही एक सय १५ मतमा सीमित भए । जाजरकोटको कुशे गाउँपालिका–७ मा कांग्रेसका खम्बबहादुर सिंह तीन सय ४७ मत ल्याएर विजयी हुँदा माओवादीका गोरखबहादुर नेपालीले तीन सय ३२ मत पाए ।

दैलेखको दुल्लु नगरपालिका–१३ को वडाध्यक्षमा एमालेका लालबहादुर शाही पाँच सय ७४ मत ल्याएर विजयी भए । उनका प्रतिस्पर्धी कांग्रेसका रेशमबहादुर शाहीले पाँच सय ७१ मत पाए । रुकुम (पश्चिम भाग) को सानीभेरी गाउँपालिका–५ मा कांग्रेसका मोतीराम खत्री पाँच सय ९० मतका साथ निर्वाचित भए । उनका प्रतिस्पर्धी माओवादीका जसीराम बस्नेतले पाँच सय ३७ मत पाए ।

बझाङको सुर्मा गाउँपालिका–४ को वडाध्यक्षमा कांग्रेसका धीरेन्द्र पुजारा छ सय ५७ मतसहित विजयी हुँदा प्रतिस्पर्धी एमालेका लखीचन्द्र बोहोरा चार सय ८७ मतमा सीमित भए । डोटीको पूर्वीचौकी गाउँपालिका–६ मा कांग्रेसका मोहन थापा चार सय ६८ मतका साथ निर्वाचित भए । उनका निकटतम प्रतिस्पर्धी एमालेका देवबहादुर थापाले तीन सय एक मत पाए ।

दार्चुलाको दुहुँ गाउँपालिका–५ मा कांग्रेसका धनसिंह कुँवर तीन सय ७६ मतसहित विजयी हुँदा प्रतिस्पर्धी एमालेका मानसिंह बडाल तीन सय ५८ मतमा सीमित भए । कञ्चनपुरको भीमदत्त नगरपालिका–६ को वडाध्यक्षमा कांग्रेसका प्रकाश चन्द एक हजार एक सय सात मतसहित निर्वाचित भए । उनका प्रतिस्पर्धी एमालेका बहादुर चन्दले चार सय ८७ मत ल्याए । रासस

# मन्त्री भण्डारी र भारतीय समकक्षीबीच छलफल



**काठमाडौँ ।**
छिमेकी राष्ट्र भारतको भ्रमणमा रहनुभएका उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी र समकक्षी वाणिज्य तथा उद्योगमन्त्री पियुष गोयलबीच द्विपक्षीय हितका विषयमा मंगलबार नयाँदिल्लीमा भेटवार्ता भएको छ ।

नयाँदिल्लीस्थित संसद् भवनमा भएको भेटका क्रममा मन्त्री भण्डारीले समकक्षी गोयलसँग सिमेन्ट, प्लाइउड, जुत्तालगायत नेपाली वस्तु निर्यातमा भारत सरकारले लगाउँदै आएको ‘ब्यूरो अफ इन्डियन स्ट्यान्डर्ड’को सहजीकरणका लागि आग्रह गरे ।

नेपालको पारवाहन तथा व्यापार सहजीकरणका विषयमा पनि भेटवार्तामा छलफल भएको र छिट्टै पारवाहन सन्धी संशोधनका लागि सकारात्मक छलफल भएको भ्रमण टोलीमा रहेका मन्त्रालयको द्विपक्षीय व्यापार तथा पारवहन शाखाका उपसचिव तर्कराज भट्टले जानकारी दिए ।

यस्तै व्यापार तथा पारवहनको सहजीकरणका लागि वाणिज्य सचिवस्तरको बैठक छिट्टै नेपालमा आयोजना गर्ने सहमति भएको छ । त्यस अवसरमा मन्त्री भण्डारीले नेपालमा लगानीका पर्याप्त सम्भावना रहेको उल्लेख गर्दै लगानीमैत्री वातावरण बनेकाले भारतीय लगानीकर्तालाई नेपालमा लगानी गर्ने सम्बन्धमा पहलकदमीका लागि मन्त्री गोयलसँग आग्रह गरे । रासस

# सिलीगुडीदेखि चितवनसम्म पाइपलाइन विस्तारबारे छलफल



**काठमाडौँ ।**
भारतको भ्रमणमा रहेका उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी र उनका भारतीय समकक्षी पेट्रोलियम तथा प्राकृतिक ग्यासमन्त्री हरदिपसिंह पुरीबीच नयाँदिल्लीमा भेटवार्ता भएको छ ।
उनीहरूबीच भएको भेटवार्तामा दुई पक्षीय हितका साथै पारस्परिक चासोका विविध विषयमा कुराकानी भएको मन्त्री भण्डारीको निजी सचिवालयले जनाएको छ ।
उनीहरूबीच नयाँ पूर्वाधार योजनाअन्तर्गत सिलीगुडी–झापा र अमलेखगञ्ज–चितवन पेट्रोलियम पाइपलाइन निर्माणबारे छलफल भएको थियो । साथै उनीहरूले विगतमा दुई देशबीच भएका सम्झौता तथा तिनको कार्यान्वयनका सम्बन्धमा पनि छलफल गरेका थिए ।
यसैबीच,सर्लाहीको ग्यास पाइपलाइन निर्माण, त्रिभुवन विमानस्थलको इन्धन डिपो स्थानान्तरण, भारतीय आयल कर्पोरेशन लिमिटेड र नेपाल आयल निगमबीचको साझेदारीलगायत विषयमा छलफल भएको तथा दुवै निकायद्वारा प्रस्तुत एकीकृत प्रतिवेदन प्राप्त भएपछि सक्दो सहयोग गर्न भारत तत्पर रहेको मन्त्री पुरीले बताएको मन्त्री भण्डारीले नयाँदिल्लीबाट राससलाई बताए ।
त्यसैगरी, द्विपक्षीय सरकारी संयन्त्रका सबै बैठक नियमित रूपमा गर्न दुवै पक्ष सहमत भएका उनले बताए । भारतीय पक्षले नेपालको सामाजिक–आर्थिक विकासमा निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको मन्त्री भण्डारीले जानकारी दिए ।रासस

# नेपालद्वारा अफगानिस्तान पराजित

**काठमाडौँ ।**
संयुक्त अरब इमिरेट्स (युएई) मा जारी उन्नाइस वर्षमुनिको एसिया कप क्रिकेट प्रतियोगिताको अन्तिम खेलमा नेपालले अफगानिस्तानलाई एक विकेटले पराजित गरेको छ ।
दुबईको शारजाह क्रिकेट मैदानमा टस जितेर अफगानिस्तानले पहिला ब्याटिङ गर्दै ३५ दशमलव चार ओभरमा सवै विकेट गुमाएर एक सय २३ रन बनायो ।
एक सय २४ रनको लक्ष्य नेपालले ४१ दशमलव तीन ओभरमा नौ विकेट गुमाएर पुरा ग¥यो । नेपालका लागि नरेन साउदले सर्वाधिक २६, कप्तान हेमन्त धामीले २२, अर्जुन कुमालले २१, अभिषेक तिवारीले १३, आकाश त्रिपाठी र रोशन विश्वकर्माले समान नौ/नौ तथा सन्तोष यादवले सात रन बनाए । नेपालले १२ अतिरिक्त रन प्राप्त गर्यो ।
बलिङतर्फ अफगानिस्तानका एएम गजानफर र खातिर स्टानिकजाईले तीन/तीन तथा अब्दुल अजिज र महबूब खानले एक/एक विकेट लिए ।
यसअघि अफगानिस्तानका लागि एक सय २३ रन बनाउने क्रममा फैसल खानले सर्वाधिक ५२ रन जोडे । उनले ६७ बलमा चार चौका र दुई छक्का प्रहार गरे । खातीर खानले २६ बलमा १५ रन जोडे । अल्लाह गजान्फरले ११ तथा नासिर खानले १० रन बनाए ।
बलिङतर्फ नेपालका लागि युनिशविक्रम सिंह ठकुरी र सन्तोष यादवले तीन तीन तथा हेमन्त धामी र अभिषेक तिवारीले दुई दुई विकेट लिए ।
यसअघि नेपाल पहिलो खेलमा श्रीलङ्कासँग ५५ रन र दोस्रो खेलमा बङ्गलादेशसँग पाँच विकेटले पराजित भएको थियो । अफगानिस्तान यसअघि पहिलो खेलमा बङ्गलादेशसँग ४५ रन र दोस्रो खेलमा श्रीलङ्कासँग एक सय ३१ रनले पराजित भएको थियो । दुवै टोली एसिया कपबाट बाहिरिएका छन् ।रासस

# ‘बेटिङ’ गरेको आरोपमा चारजना पक्राउ

**काठमाडौँ ।**
नेपाल प्रिमियर लिग (एनपीएल)मा ‘बेटिङ’ गरेको आरोपमा प्रहरीले चारजनालाई पक्राउ गरेको छ ।
कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट खेल मैदानमा सञ्चालन भइरहेको प्रतियोगितामा बेटिङ गराएको आरोपमा भारत बिहारका चार जना पक्राउ परेका हुन् ।
नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) का प्रवक्ता एवं प्रहरी उपरीक्षक होबिन्द्र बागटीका अनुसार पक्राउ पर्नेमा भारतीय नागरिकहरू २४ वर्षीय सुमन भोज, २५ वर्षीय अमित यादव, २४ वर्षीय सुमन कुमार र २५ वर्षीय ब्रजेस कुमार छन् ।
उनले भने,‘सुमन भोज र अमित यादवलाई सोमबार पक्राउ गरिएको हो भने सुमन कुमार तथा ब्रजेस कुमारलाई पक्राउ गरिएको हो । उनीहरूबिरुद्ध सट्टेबाजी गर्न नहुने कसुरमा म्याद थपका लागि अदालत लगिएको छ ।’ रासस

# सन् २०२३ अक्टोबरदेखि गाजामा ३४१ जनाको मृत्यु

**काठमाडौँ ।**
मानवीय मामिला समन्वयका लागि राष्ट्रसङ्घीय कार्यालय (ओसिएच) ले इजरायली आक्रमण सुरु भएदेखि गाजामा ३४१ जनाका मृत्यु भएको जनाएको छ । आक्रमणले गाजा पट्टीमा प्यालेस्टिनीहरू बारम्बार विस्थापित भइरहेको चेतावनीसमेत दिएको छ ।
राष्ट्रसङ्घका महासचिवका प्रवक्ता स्टेफन डुजारिकले प्रेस ब्रीफिङ्मा राहतकर्मीहरूले गाजामा अत्यावश्यक सहायता प्रदान गर्न जीवन जोखिममा पारी इजरायली आक्रमणले वर्ल्ड सेन्ट्रल किचनका तीन जना र सेभ द चिल्ड्रेनका एक जना गरी चार जना मानवतावादी कामदारको ज्यान लिएको बताए ।
गत वर्षको अक्टोबरदेखि मृत्यु भएका सहायता कार्मीहरूको सङ्ख्या बढेर ३४१ पुगेको बताउदै उनले मानवीय साझेदारहरूले स्थानीय खाद्य प्रणाली सैन्य स्थल सञ्चालन, नागरिक क्षेत्रहरूमा आक्रमणले ध्वस्त पारेको उल्लेख गरेका छन् । विश्व खाद्य कार्यक्रम (डब्लूएफपी)लाई उद्धृत गर्दै डुजारिकले ५० दिन भन्दा बढी समयदेखि उत्तरी गाजाको बेइट लाहिया, बेइट हानुन र जबल्याका क्षेत्रमा कुनै सहयता नआएको तथा अपवादको रुपमा सोमबार डब्लूएफपीले विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ) को नेतृत्वमा मानवीय मिसनको साथ २०० खाना पार्सलहरू बेइत लाहियाको कमल अदवान अस्पतालमा पठाउन सक्षम भएको बताएका छन् ।
घेराबन्दीको कारण भयाभह मानवीय अवस्थाको बीचमा, नागरिकहरूको नरसंहारको साथै आक्रमण सन् २०२३ अक्टोबर देखि गाजामा नरसंहार निरन्तर भइरहेको छ ।

# नेपाल र चीनबीच पारस्परिक सहयोगसम्बन्धी सम्झौतामा हस्ताक्षर

**प्रकाश सिलवाल**
**चीन ।**
चीनको औपचारिक भ्रमणमा रहेका प्रधानमन्त्री केपी शर्मा ओली र उनका चिनियाँ समकक्षी लि छ्याङको उपस्थितिमा नेपाल र चीनबीच विभिन्न समझदारी भएको छ । दुवै देशका प्रधानमन्त्रीबीच द्विपक्षीय वार्तापछि पारस्परिक सहयोगसम्बन्धी सम्झौतामा हस्ताक्षर भएको हो ।
नेपाल र चीनबीच टोखा–छहरे सुरुङमार्ग निर्माणसम्बन्धी समझदारीपत्रमा दुवै देशका सम्बद्ध अधिकारीले हस्ताक्षर गरेर आदानप्रदान गरेका छन् । त्यसैगरी नेपाल–चीन व्यापार अभिवृद्धिसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ । चीनले काठमाडौँको वसन्तपुरस्थित नौतले दरबार पुनःनिर्माण सम्पन्न गरेको प्रमाणपत्रको आदानप्रदानका साथै भैसीँको मासु चीन निर्यातसम्बन्धी प्रोटोकलमा समझदारी भएको छ ।
परराष्ट्र मन्त्रालयका प्रवक्ता कृष्णप्रसाद ढकालका अनुसार विकास आयोजनासम्बन्धी सम्झौता, आर्थिक तथा प्राविधिक सहयोगसम्बन्धी समझदारी, नगद सहयोगसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भइ आदानप्रदान भएको छ भने स्वयम्सेवी चिनियाँ भाषा शिक्षकसम्बन्धी समझदारी तथा नेपाल टेलिभिजन र चाइना मिडिया ग्रुपबीच सञ्चार प्रविधिसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ ।



प्रवक्ता ढकालले भने,‘सम्पर्क सञ्जाल विस्तार, औद्योगिक तथा पूर्वाधार विकास, स्वास्थ्य क्षेत्रमा सहकार्य, कृषि, व्यापार, पर्यटन, लगानी, विज्ञान तथा प्रविधि, खेलकूद, प्राकृतिक प्रकोप व्यवस्थापन, दुई देशबीचको जनस्तरको सम्बन्ध, गरिबी निवारणलगायतका क्षेत्रमा थप सहयोग आदानप्रदान गर्ने विषयमा छलफल भएको छ ।’ रासस

# ‘निर्धक्क भएर आइटीमा लगानी गर्नुस्’

**काठमाडौं ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले नेपालको सूचना–प्रविधि (आइटी) क्षेत्रमा लगानीका पर्याप्त अवसर रहेकाले निर्धक्क भएर लगानी गर्न बहुराष्ट्रिय कम्पनीहरुलाई आग्रह गरेका छन् ।
सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसँगको समन्वयमा सामाजिक सञ्जाल टिकटकले मंगलबार यहाँ आयोजना गरेको ‘डिजिटल सेफ्टी समिट’मा उनले नेपालमा लगानीको सुरक्षा रहेको तथा आइटी क्षेत्र आकर्षक लगानीको विधा भएकाले त्यसमा ढुक्क भएर लगानी गर्न बहुराष्ट्रिय कम्पनीहरुलाई आह्वान गरेका हुन् । उनले वैदेशिक लगानी सुरक्षित गर्न सरकारले पर्याप्त नीतिगत व्यवस्था गरेको बताए ।
टिकटकजस्ता अन्तर्राष्ट्रिय बहुराष्ट्रिय कम्पनीहरुलाई नेपालमा लगानीका लागि उपयुक्त वातावरण तयार गरिएको जानकारी दिँदै सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री गुरुङले निजी क्षेत्र तथा बहुराष्ट्रिय कम्पनीहरुको लगानी सुरक्षा गर्न प्रतिबद्ध रहेको बताए । उनले भने, ‘नेपालमा डिजिटल टेक्नोलोजीमा लगानीको वातावरण छ, प्रतिफल पनि सुनिश्चित गरिएकाले निर्धक्क भएर लगानी गर्न सक्नुहुन्छ ।’



सूचना–प्रविधिको क्षेत्रमा लगानी गर्ने कम्पनीहरुलाई सञ्चार तथा सूचना प्रविधि मन्त्रलायले समाजप्रतिको सामाजिक उत्तरदायित्व पूरा गर्नुपर्ने सर्तहरु पनि राखेको जानकारी दिए । ती सर्त पालना गरेर नेपालमा टिकटक पुनः सञ्चालनमा आएको उनले बताए । सरकारको डिजिटल नेपाल बनाउने उद्देश्य साकार पार्न नागरिक समाज, निजी क्षेत्र, सामाजिक सञ्जाल प्लेटफर्म प्रयोगकर्तालगायत व्यक्ति र संस्थाको साझा प्रयत्न आवश्यक रहेको बताएका थिए । मन्त्री गुरुङले सामाजिक सञ्जाल व्यवस्थापन निर्देशिका, २०८१ बमोजिम मन्त्रालयमा टिकटक सूचीकरण भएको बताए ।
टिकटकले डिजिटल सुरक्षा अभियान, तालिम र कार्यशाला, स्थानीय सामग्री उत्पादनमार्फत डिजिटल साक्षरता बढाउन, शैक्षिक सामग्री तयार गर्ने, छात्रवृत्ति प्रदान, शैक्षिक प्रतिष्ठानमा स्मार्ट कक्षाकोठा सञ्चालनका माध्यमबाट मुलुकको शैक्षिक प्रणालीको आधुनिकीकरणमा सघाउ पु¬याउनेमा आफू विश्वस्त रहेको मन्त्री गुरुङले बताए ।
देशको पर्यटन प्रवद्र्धनमा सघाउने, आइटीको विकासमा योगदान गर्ने, सांस्कृतिक र शैक्षिक उन्नतिमा जोड दिनेलगायत सर्त सरकारले टिकटकसँग राखेको मन्त्री गुरुङले जानकारी दिए । सरकारले राखेका ती सर्त पालना गरेकाले टिकटक नेपालमा दर्ता भई पुनः सञ्चालनमा आएको बताए ।
‘टिकटकले सामाजिक आर्थिक विकासका साथै मर्यादित समाजिक सञ्जालको छवि कायम गर्छ भन्नेमा विश्वस्त छौं’, उनले भने, ‘नेपाल सरकारले आगामी दशकलाई आइटी दशकका रूपमा घोषणा गरिसकेको तथा देशलाई सूचना– प्रविधिको हबका रूपमा विकास गर्ने लक्ष्य छ ।’ उनले आइटीका माध्यमबाट पाँचदेखि १० लाख रोजगारीका अवसर सृजना गर्ने सरकारी लक्ष्य पनि जानकारी दिए ।
फरक प्रसङ्गमा सञ्चारमन्त्री गुरुङले सामाजिक सञ्जालहरू मुलुकको मौजुदा ऐन, कानुन र कार्यविधिअनुसार सञ्चालन हुनुपर्नेमा जोड दिए ।
उनले बढ्दो ‘साइबर’ अपराध नियन्त्रणबाट नै सभ्य समाजको निर्माणमा सहयोग पुग्ने भएकाले साइबर सुरक्षाका निम्ति पनि सरकार प्रतिबद्ध रहेको दोहो¥याएका थिए । महिला तथा बालबालिका यसबाट बढी प्रभावित भएकामा चिन्ता व्यक्त गर्दै मन्त्री गुरुङले सूचना प्रविधिको सही उपयोगमा जोड दिए ।रासस

# एनपिएलः विराटनगरलाई हराउँदै सुदूरपश्चिम विजयी

**काठमाडौँ ।**
नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेटमा सुदूरपश्चिम रोयल्सले विराटनगर किङ्ग्सलाई पराजित गर्दै सुखद् सुरुआत गरेको छ ।
कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा मंगलबार भएको पहिलो खेलमा सुदूरपश्चिमले विराटनगरलाई ९० रनले पराजित गर्दै प्रतियोगितामा सुखद् सुरुआत गरेको हो । विराटनगरले भने प्रतियोतिगामा लगातार दोस्रो हार बेहोरेको छ । यसअघि भएको पहिलो खेलमा विराटनगर जनकपुर बोल्ट्ससँग आठ विकेटले पराजित भएको थियो ।
विराटनगरका लागि बसिर अहमदले २८ बल खेल्दै दुई चौकाको सहयोगमा २४ रन बनाए । नौ बल खेलेका राजेश पुलामीले एक चौकाको मद्दतमा १५ रन बनाए । अनिल खरेलले १० रन बनाउनेबोहक अन्य खेलाडीले दोहोरो अङ्कमा रन बनाउन
सकेनन् ।
त्यस्तै क्रिस सोलले नौ रन जोड्दा कप्तान सन्दीप लामिछाने आठ रनमा आउट भए । त्यस्तै इस्मत आलम ६ रनमा तगा निकोलस कीर्तोनले पाँच रन जोडे ।




बलिङतर्फ सुदूरपश्चिमका अभिनाश बोहोरा र स्कट कुगेलेइनले समान तीन तीन विकेट लिए भने ब्रान्डन म्याकमुलेन र सैफ अलि जैबले समान एक÷एक विकेट लिए ।
त्यसअघि दीपेन्द्रसिंह ऐरीको अर्धशतकमा सुदूरपश्चिम रोयल्सले निर्धारित २० ओभरमा सात विकेट गुमाएर एक सय ८२ रनको योगफल तयार गरेको थियो । टस हारेर पहिले ब्याटिङको निम्तो पाएको सुदूरपश्चिमका कप्तान ऐरिले अविजित रहँदै २४ बलमा तीन चौका र पाँच छक्काको मद्दतमा ५७ रन बनाए ।
त्यसैगरी ब्रेन्डन म्यामुलेनले २६ बलमा दुई चौका र दुई छक्काको सहयोगमा ३६ रन जोडे । विनोद भण्डारीले २० बलमा चार चौकाको सहयोगमा २३ रन जोडे भने इशान पान्डेले १६ बलमा दुई चौका र एक छक्काको सहयोगमा २१ रन बनाए । आरिफ शेखले पाँच बलमा दुई चौकाको सहयोगमा नौ रन जोडे । सेफ जेबले १५ बलमा एक छक्काको सहयोगमा १४ रन जोडे ।
विराटनगरका लागि अनिल खरेलले तीन विकेट लिए भने इस्मत आलम, बसिर अहमद र क्रिस सोलले समान एक÷एक विकेट लिए ।
नेपाल क्रिकेट सङ्घ (क्यान) को आयोजनामा भएको नेपाल प्रिमियर लिग (एनपिएल) मा विभिन्न आठ टोली सहभागी छन् । जसमा काठमाडौँ गोर्खाज, लुम्बिनी लायन्स, पोखरा एभेन्जर्स, चितवन राइनोज, विराटनगर किङ्ग्स, जनकपुर बोल्ट्स, कर्णाली याक्स र सुदूरपश्चिम रोयल्स छन् ।रासस

# सङ्घीयतापछि सामुदायिक वनः

# बहुआयामिक उपयोग गर्नुपर्ने सुझाव

*तीन तहका सरकारबीच नै अधिकार बाँडफाड र कार्यान्वयन अलमलमा देखिएको अवस्थामा सामुदायिक वनमा केही चुनौती देखिनुलाई सामान्य रुपमा लिनुपर्छ । खाद्य तथा कृषि संगठन (एफएओ)को पछिल्लो तथ्यांकअनुसार पृथ्वीमा ३१ प्रतिशत मात्र वन क्षेत्र रहेको आँकडा छ र हरेक वर्ष एक करोड हेक्टर वन क्षेत्र वन विनाश भएको तथ्यले देखाउँछ । नेपाल भने आज भन्दा ३० वर्ष अघि ३९ प्रतिशत रहेको वन क्षेत्र हाल बढेर झण्डै ४६ प्रतिशत पुगेको छ ।*





काठमाडौँ ।
नेपालको संविधानअनुसार सङ्घ, प्रदेश र स्थानीय तहका सरकार निर्माणपछि विभिन्न अधिकारसँगै प्राकृतिक स्रोतसम्बन्धी अधिकार पनि तीनै तहका सरकारमा फरक फरक ढङ्गले निहित भएको छ ।

अर्कोतिर सर्वसाधारणको जीवनशैलीमा आएको परिवर्तनले पनि वनमाथिको निर्भरतामा केही कमी आएको छ ।

यस्तो अवस्थामा खासगरी नेपालको सामुदायिक वनको भविष्य के हुने र कता जाने भन्ने सन्दर्भमा विभिन्न बहस हुने गरेका छन् । सामुदायिक वनमा कतिपय प्रदेशले कर लगाएको गुनासो एकातिर छ भने अर्कोतिर सङ्घीयता संस्थागत र अधिकार क्षेत्रका बारेमा तीनै तहका सरकार स्पष्ट हुँदै गएपछि त्यस्तो अन्योल समाप्त भएर जाने विश्वास गरिएको छ ।

वन वातावरण क्षेत्रका विज्ञहरु विश्वमै प्रशंसा पाएको नेपालको सामुदायिक वनको बहुउपयोग गर्न सके सङ्घीयतापछि यसको भविष्य थप उज्ज्वल हुने धारणा व्यक्त गर्छन् । उनीहरु नेपालको संविधानमा उल्लेख गरिएका समाजवादप्रतिको प्रतिबद्धता र समुदायका अग्राधिकारका विषयले सामुदायिक वन अभियान आगामी दिनमा अझ फष्टाउने दाबी गर्छन् ।

संविधानका यी विषयले समुदायको उन्नती, प्रगति र समृद्धिलाई दिगो बनाउने उनीहरुको तर्क छ ।

सामुदायिक वन उपभोक्ता महासंघ नेपालका अध्यक्ष ठाकुर भण्डारी नेपालको सामुदायिक वन कार्यक्रम विश्वमै सफल रहेको उल्लेख गर्दै मुलुक संघीयतामा प्रवेश गरेपछि यो अभियान थप मौलाएको बताउँछन् ।

'राज्यको पुनःसंरचनासँगै निर्माण भएका वन नीति २०७५ र वन ऐन २०७६ मा पनि पर्यापर्यटनको विकास गर्ने, कृषि वनलाई पनि प्रोत्साहन गर्ने, वन्यजन्तु व्यवस्थापन र वन उद्यम विकास गरी बजारीकरण गर्ने विषय समेटिएका छन्', उनी भन्छन्, 'यी प्रावधानले वनको दिगो संरक्षणसँगै समुदायको समृद्धिका लागि थप अवसर प्रदान गर्नेछ । समुदायको समृद्धिले नै यो अभियान पनि दिगो हुनेछ भन्ने हाम्रो विश्वास छ ।'

अध्यक्ष भण्डारी सङ्घीयताको प्रथम चरणमा तीन तहका सरकारबीच नै अधिकार बाँडफाड र कार्यान्वयन अलमलमा देखिएको अवस्थामा सामुदायिक वनमा केही चुनौती देखिनुलाई सामान्य रुपमा लिनुपर्ने बताउँछन् । समयसँगै ती चुनौती पनि सहज हुँदै जाने उनको तर्क छ । खाद्य तथा कृषि संगठन (एफएओ)को पछिल्लो तथ्यांकअनुसार पृथ्वीमा ३१ प्रतिशत मात्र वन क्षेत्र रहेको आँकडा छ र हरेक वर्ष एक करोड हेक्टर वन क्षेत्र वन विनाश भएको तथ्यले देखाउँछ । नेपाल भने आज भन्दा ३० वर्ष अघि ३९ प्रतिशत रहेको वन क्षेत्र हाल बढेर झण्डै ४६ प्रतिशत पुगेको छ । यसमा सामुदायिक वन अभियानको योगदान अतुलनीय रहेको छ ।

सामुदायिक वन विज्ञ भोला खतिवडा नयाँ परिवेशमा सामुदायिक वन अभियानको दिगोपनाका लागि वनलाई उत्पादन र रोजगारीसँग जोड्नुपर्ने बताउँछन् । 'यसका लागि चलायमान वन समूह र सक्रिय वन व्यवस्थापन तथा सामुदायिक वन उद्यम विकास आजको आवश्यकता हो' उनी भन्छन् । पूर्व डिभिजनल वन अधिकृत रामबाबु पौड्याल ग्रामिण क्षेत्रबाट हुने बसाईसराई, बढ्दो मानव–वन्यजन्तु द्वन्द्व, वातावरणीय पक्षको ख्याल नगरी निर्माण गरिने पूर्वाधार, अतिक्रमण, डढेलोलगायत सामुदायिक वनमा पछिल्लो समय देखिएका समस्या भएको बताउँछन् । यसको समाधानका लागि निजी क्षेत्रसँगको सहकार्यमा वन आधारित उद्यमको विकास गर्नुपर्ने र जैविक विविधताको अभिलेखिकरण गर्नुपर्ने उनको सुझाव छ । 'यस बाहेक सहरी क्षेत्रका वरपर सामुदायिक वनमा आधारित पर्यापर्यटन प्रर्वद्धन गर्नुपर्छ । वन अतिक्रमण र डढेलोको दिगो नियन्त्रणको व्यवस्था गर्नुपर्छ । वन्यजन्तु क्षति राहत कार्यक्रम प्रभावकारी बनाउनुपर्छ', पूर्व डिभिजनल वन अधिकृत पौड्याल भन्छन् ।

नेपालमा सामुदायिक वनको अभ्यास कानुनतः २०४६ सालको प्रजातन्त्रको पुनःस्थापनापछि शुरु भएपनि व्यहारमा त्यस अघि २०३० सालमा सिन्धुपाल्चोकको ठोकर्पामा यो अभ्यास शुरु भएको थियो ।

सामुदायिक वन अध्ययन केन्द्रको २०८१ को तथ्यांकअनुसार नेपालको कुल वन मध्ये करिब ३७ प्रतिशत हिस्सालाई सामुदायिक वनको रुपमा २३ हजार २६ सामुदायिक वन उपभोक्ता समूह ३१ लाख ९५ हजार ३२३ घरधुरीले संरक्षण र व्यवस्थापन गरिरहेका छन् ।

नेपालले विश्वमा चिनारी पाएका पहिचानमध्ये सामुदायिक वन पनि एक माध्यम हो । तर पछिल्लो समय मुलुक सङ्घीयतामा प्रवेश गरेसँगै तीन तहका सरकारले सामुदायिक वनमा लगाउने कर र स्थानीयको उपभोगमा आएको परिवर्तन तथा बसाईसराईले केही चुनौती निम्त्याएको छ ।

सामुदायिक वन उपभोक्ता महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष कल्पना भण्डारी सामुदायिक वनका सम्बन्धमा पछिल्लो समय सरकारका दृष्टिकोणमा फरकपन आउँदा चुनौती थपिएको बताउँछन् । उपभोक्ताले ३० वर्षसम्म संरक्षण गरेको वनबाट उत्पादन लिने बेला यस्तो चुनौती देखिएको उनको गुनासो छ । 'सङ्घीयता ल्याउँदा हामी उपभोक्ताहरुले पनि ठूलो संघर्ष गरेका थियौँ । आन्दोलन सफल भएपछि घर घरमा सिंहदरबार पनि भनियो, तर संघीयता आएपछि धेरै सहजता हुन्छ भन्ने आशा गरेका थियौं', अध्यक्ष भण्डारी भन्छिन्, 'अहिले हामी तेहोरो करको मारमा परेका छौँ । करबाट छुटकारा पाउन आन्दोलन गर्नुपरेको छ । हाम्रो प्रदेश (लुम्बिनी) सरकारले त वर्षेनी सामुदायिक वनबाट दुई अर्ब रुपैयाँ राजश्व कर उठाउने कार्ययोजना बनाएको छ । अहिले त आन्तरिक बिक्री वितरणको १० प्रतिशत पनि कर लाग्छ भनिएको छ ।' सामुदायिक वनमा कर शुन्य बनाउन सके संरक्षण कार्यमा उपभोक्ताको आकर्षक बढ्ने उनको भनाई छ । 'स्थानीय सरकारमा आफू भित्रको वन क्षेत्र हो भनेर यसको आम्दानी आफैले लिनुपर्छ भन्ने भनाई छ । प्रदेश सरकार, सरकार चलाउन आर्थिक स्रोत चाहिन्छ भन्छ र आर्थिक संकलन नभएपछि सरकार कसरी चलाउने भन्छ । संघीय सरकारले त पहिले देखिनै २५ प्रतिशत कर लिने भनेको नै छ' उनी भन्छन् ।

करका सम्बन्धमा तीनै तहको कानुन बाझिएको छ । साथै वनमा रहेका उमेर पुगेका, ढलापडा र सुकेका रुख संकलन गरेर काठको उत्पादन बढाउन सकेमा जनताको मागअनुसार काठ आपूर्ति गर्न सकिने उनको सुझाव छ । आपसमा बाझिएका कानुन बारेमा स्पष्ट नहुँदा उपभोक्ता मारमा परेका छन् । यी सबै विषय अधिकारको प्रयोगसँगै मिल्दै जाने र सङ्घीयतापछि सामुदायिक वन अभियानको भविष्य थप उज्जल हुने अध्यक्ष भण्डारीको आशा छ ।

**वनको दिगोपनाका लागि बहुआयामिक उपयोगमा जोड**

वन तथा भूसंरक्षण विभागका उपमहानिर्देशक धनञ्जय लामिछाने सामुदायिक वनको व्यवस्थापनको हक सबै प्रदेशमा निहित रहेको उल्लेख गर्दै जग्गा भोगाधिकार, नीति नियम, निर्देशिका बनाउने काम मात्रै विभागले गर्ने गरेको बताउँछन् । 'मुलुक संघीयतामा गएपनि सामुदायिक वनका नीति नियम र प्रक्रियामा परिवर्तन आएको छैन् । यो जिम्मेवारी पहिले सङ्घीय मन्त्रालय र विभागले हेथ्र्यो भने अहिले प्रदेश मन्त्रालयमा जिम्मेवारी गएको हो', उनी भन्छन्, 'डिभिजनल वन कार्यालयहरु प्रदेश मातहत गएका हुन । यस अघिका सबै प्रणाली र विधि नै कायम छन् । प्रदेशले कार्ययोजना बनाउने, हस्तान्तरण गर्ने तथा संरक्षण व्यवस्थापन सदुयोग गर्ने सबै गरिराखेकै छ ।'

पछिल्लो समय पहाडी र हिमाली क्षेत्रमा केही सामुदायिक वनहरु निष्क्रिय देखिएका छन् । जनसंख्याको बसाईसराई तथा आमजनताको जीवन शैलीमा परिवर्तन आएको छ । 'घाँस दाउरा, स्याउला, सोत्तर ल्याउने, दाउरा बाल्ने, खाना पकाउने, कुँडो पकाउने विषयमा पनि परिवर्तन भएको छ । अब गाउँमा पनि ग्याँस बाल्न थाले । यसले वनको निर्भरता पनि घट्यो । वनप्रति चासो पनि कम भएको हो' उनी भन्छन् । वनको जति उद्यमशिलता रोजगारी र बहुआयामिक उपयोग गर्नुपर्ने हो, त्यति हुन नसकेको उल्लेख गर्दै उपमहानिर्देशक लामिछाने यही कारणले अहिले पहाडमा सामुदायिक वन क्षेत्र ठूलो, जनसंख्या कम र तराई जासंख्या धैरै, वनको मात्रा कमको अवस्था आएको बताउँछन् । उनी सामुदायिक वनको दिगोपनाका लागि बहुआयामिक उपयोगमा जोड दिनुपर्ने धारणा राख्छन् ।

सङ्घीयता आइसकेपछि सामुदायिक वनको व्यवस्थापन र सञ्चालनमा तात्विक फरक नआएको बताउँदै उनी केही प्रदेशले आफूले लगाउन पाउने शुल्क कर लगाएको र यस बारेमा आवाज उठेपछि कुनै प्रदेशले कर छुट पनि गरेको उल्लेख गर्छन् । त्रिभुवन विश्वविद्यालय वन विज्ञान अध्ययन संस्थानका प्राडा राजेशकुमार राई वन व्यवस्थापनमा बदलिँदो सामाजिक, आर्थिक र वातावरणीय परिवर्तनसँगै बदलिएको उपभोक्ताको आवश्यकतालाई ध्यान दिनुपर्ने बताउँछन् ।

'अबको सामुदायिक वनको संरचना स–साना वनका टुक्राको कार्ययोजनाभन्दा पनि जलाधार क्षेत्रस्तरीय वन व्यवस्थापन योजना बन्नुपर्छ', उनी भन्छन्, 'यसबाट जलाधार क्षेत्रमा रहेका सामुदायिक वनको बैंकको स्थापना गर्नुपर्दछ । वनको स्थिति र अवस्थिति हेरेर 'पारिस्थितिकीय वन'को अवधारणामा वनको व्यवस्थापन गर्नु आजको आवश्यकता हो ।' रासस



**राम र लक्ष्मणको स्वरुपमा सिङ्गारिएको बालकलाकार**

सप्ताहव्यापी सीताराम विवाहपञ्चमी महोत्सवको तेस्रो दिन मङ्गलबार धनुष यज्ञमा राम र लक्ष्मणको स्वरुपमा सिङ्गारिएका बालकलाकार । तस्बिरः चन्द्रदेव साह/रासस

# किर्ते कागजात पेशगरी लाखौँ रुपैयाँ हिनामिना गर्ने ‘हेड मास्टर’ पक्राउ

**सञ्जय मिश्रा**
**रौतहट ।**

रौतहट स्थित किर्ते कागजात पेश गरी बैंक खाता बाट लाखौँ रुपैयाँ निकासा गराई हिनामिना गरेको आरोपमा एक विद्यालयका प्रधानाध्यापक पक्राउ परेका छन् । पक्राउ पर्नेमा चन्द्रपुर नगरपालिका अन्तर्गत श्रीआधुनिक प्राथमिक विद्यालय राजपैडाका प्रधानाध्यापक किशोरी चौधरी रहेका छन्। निज माथी लिखत सम्बन्धी कसूर अन्तर्गत रौतहट जिल्ला अदालतबाट म्याद लिई थप अनुसन्धान भई रहेको जिल्ला प्रहरी प्रवक्ता डिएसपी दीपक कुमार रायले बताएका छन् । चन्द्रपुर नगरपालिकाको आर्थिक बर्ष २०८०/०८१ को बिषेश अनुदानबाट श्री आधुनिक प्राथमिक विद्यालय राजपैडामा ४ कोठे भवन निर्माणको लागि ४७ लाख ७५ हजार ५ सय १२ रुपैयाँ ८५ पैसा विद्यालयको खातामा रकम निकासा गरिएको थियो । उक्त रकम नियमानुसार भुक्तानी पाउने गरी रकम रोक्का गरी विद्यालय भवन निर्माणको लागि ५३ लाख ९८ हजार २ सय ८९ रुपैयाँ ५२ पैसाको कार्यआदेश सहित ब्रहम बाबा कन्ट्रक्सनसँग ठेक्का सम्झौता गरिएको थियो ।

प्राविधिक नाप जाँच तथा पहिलो रनिङ बिल भरपाईको आधारमा चन्द्रपुर नगरपालिकाको पत्रद्वारा २० लाख १० हजार ५२९ रुपैयाँ ७९ पैसा ब्रहम बाबा कन्ट्रक्सनले भुक्तानी पाउने गरी रकम फुकुवा तथा भुक्तानीको पत्र पठाएको थियो । उक्त रकम निकाले पश्चात विद्यालयका प्रधानाध्यापक किशोरी चौधरीले चन्द्रपुर नगरपालिकाको पत्रहरुमा किर्ते हस्ताक्षर गरी २९ लाख ३५ हजार ५ सय २९ रुपैयाँ ७९ पैसा ब्रहम बाबा कन्ट्रक्सनले भुक्तानी पाउने गरी रोक्का रहेको रकम फुकुवा गरी विद्यालयको खातामा रहेको रकम निकाली हिनामिना गरेको प्रहरी प्रवक्ता डीएसपी दीपक कुमार रायले जानकारी दिएका छन् । प्रधानाध्यापक चौधरीलाई सोमबार पक्राउ गरी कारवाही प्रक्रिया अगाडी बढाईएको जिल्ला प्रहरी कार्यालय रौतहटको सूचनामा उल्लेख गरिएको छ ।

# दुधमती नदीको उत्खनन् कार्य शुरु गरिने



**मधेशदृष्टि**
**जनकपुरधाम ।**

ऐतिहासिक तथा धार्मिक महत्त्वको दुधमती नदीको अतिक्रमित प्राकृतिक बहाव क्षेत्रको सीमाङ्कन, नक्साङ्कन तथा उत्खनन् कार्य शुरु गरिने भएको छ । मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहको अध्यक्षतामा रहेको दुग्धमती नदी संरक्षण उच्चस्तरीय समितिको बैठकले ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्री शेषनारायण यादवको संयोजकत्वमा दुग्मधमती नदी संरक्षणात्मक कार्य कार्यान्वयन उपसमिति गठन गर्दै सो सम्बन्धी कार्य तत्काल र तीव्रताका साथ शुरु गर्ने निर्णय गरेको हो । धार्मिक तथा पौराणिक आस्था र विश्वाससँग जोडिएको मात्र नभएर सिँचाइ तथा खानेपानी समेतको महत्त्वपूर्ण स्रोत दुधमती नदी संरक्षण हुनैपर्ने भएकाले प्रदेश सरकार उत्खनन्सहितको कार्य अगाडि बढाएको उच्चस्तरीय समितिका अध्यक्ष एवम् मुख्यमन्त्री सिंहले बताए । मुख्यमन्त्री सिंहको अध्यक्षतामा ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्री यादव, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयका प्रदेश सचिव जक्की अहमद अन्सारी, धनुषा र महोत्तरीका प्रमुख जिल्ला अधिकारीहरू, मधेश प्रहरी कार्यालयका प्रमुख एवम् प्रहरी नायब महानिरीक्षक, सशस्त्र प्रहरी महानिरीक्षक, राष्ट्रिय अनुसन्धानका अनुसन्धान निर्देशकलगायत सम्मिलित दुधमती नदी संरक्षण उच्चस्तरीय समितिले पिलरसहित सीमाङ्कन, नक्साङ्कन तथा पहिचान भएको सीमाभित्र नदीको प्राकृतिक बहाव क्षेत्रलाई अतिक्रमणमुक्त गराउन उत्खनन् गर्ने निर्णय गरेको समितिका सदस्यसचिवसमेत रहेका मुख्यमन्त्रीका प्रेस सल्लाहकार अनिलकुमार कर्णले बताए ।

# सडक विस्तारबारे भौतिक पुर्वाधार मन्त्रालयलाई पत्र लेख्ने आदेश



**मधेशदृष्टि**
**वीरगंज ।**

सर्वोच्च अदालतमा पटक पटक पेसी सर्दै आएको वीरगंजको मुख्य सडक(मेनरोड) विस्तारको मुद्धामा मंगलबार पेसी चढेर सुनुवाईपनि भएको छ । त्रिभुवन राजपथ अन्तर्गत पर्ने वीरगंजको गण्डक चोकदेखि पावर हाउस, घण्टाघर, आदर्शनगर, रजतजयन्ति चोक, शंकराचार्यद्वार हुँदै मितेरीपुल सम्मको मेनरोड २५÷२५ मिटर विस्तार गर्ने सडक विभागको निर्णय विरुद्ध सर्वोच्च अदालतमा परेको मुद्धाको मंगलबार २६ औं पटकको पेसीमा सुनुवाई भएको हो ।

विक्रम संवत २०६९ सालमै सडक विभागले मेनरोड विस्तार गर्ने निर्णय गरेको भएपनि त्यसक्षेत्रमा पर्ने धरधनीहरुले उक्त निर्णय विरुद्ध अदालतमा मुद्धा हालेका थिए । सर्वोच्च अदालतमा पटक पटक पेसी सर्दै आएको उक्त मुद्धामा लामो समयपछि मंगलबार सुनुवाई भएपनि मेनरोड विस्तार बारे सर्वोच्चले कुनै ठोस फैसला भने दिएन । सर्वोच्च अदालतका न्यायधिशद्वय तिलप्रसाद श्रेष्ठ र अब्दुल अजीज मुसलमानको संयुक्त इजलाशले वीरगंजको मेनरोड विस्तारबारे विचाराधिन मुद्धामा सुनुवाई गर्दै त्रिभुवन राजपथको एलाइमेन्ट परिवर्तबारे नेपालको सरकारको मन्त्रिपरिषदले विगतमा गरेको निर्णय प्रगति बारे लिखित जानकारी गराउन भौतिक पुर्वाधार मन्त्रालयलाई पत्र लेख्ने आदेशमात्रै गरेको वीरगंज महानगरपालिकाका अधिवक्ता धनबहादुर थापाले जानकारी दिए । २०६९ सालमा तत्कालीन नेपाल सरकारको निर्णय अनुसार सडक विभागले वीरगंजको मेनरोड विस्तारका लागि सडकको मध्यभागबाट दायाँ–बाँया दुवै तर्फ २५/२५ मिटरभित्र पर्ने भौतिक संरचना खाली गर्न सूचना निकालेपछि त्यस क्षेत्रमा पर्ने करिब १ हजार दुई सय घरधनीले सरकारको उक्त निर्णय विरुद्ध सर्वोच्च अदालतमा रिट हालेको र अदालतले यसबारे टुङ्गो नलगाइ दिएका कारण १२ वर्षदेखि सडक विस्तार हुन नसकेको हो । सडक विस्तार आयोजनाले एक चरण नापीको काम समेत सम्पन्न गरिसकेको अवस्था छ ।

# मन्त्रीद्वारा निकुञ्जको अनुमगन

**मधेशदृष्टि**
**वीरगंज ।**

मधेश प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय जनार्दन सिंह क्षेत्री र वन तथा वातावरण राज्यमन्त्री रुपा विश्वकर्माले पर्सा वन्यजन्तु निकुञ्ज कार्यालयमा अनुगमन र भ्रमण गरेका छन् ।

भ्रमणका क्रममा डिभिजन वन अधिकृत रामचन्द्र खतिवटाले आरक्षभित्र रहेका विविध वन्यजन्तु र हरियाली वन संरक्षणका लागि भइरहेको प्रयासबारे जानकारी गराएका थिए । टोलीले बाघ, गैँडा र अन्य प्रजातिहरूको संरक्षणका लागि तिनीहरूको समर्पित कार्यको साथै वन संरक्षणमा प्रयासहरूको मूल्यवान अन्तर्दृष्टि बुझे ।

यी संरक्षण प्रयासहरूलाई सुदृढ गर्न र यस प्राकृतिक सम्पदाको दिगोपन सुनिश्चित गर्न प्रादेशिक सरकारबाट बढि सहयोगको आवश्यकतामा खतिवडाले जोड दिए । भ्रमणले हाम्रो अमूल्य जैविक विविधताको संरक्षण र यस क्षेत्रको जीवनलाई सहयोग गर्ने पारिस्थितिक सन्तुलन कायम गर्न सरकार र स्थानीय अधिकारीहरू बीचको सहकार्यको महत्त्वलाई जोड दिएका थिए । मणमा नेपाली कांग्रेस पर्सा जिल्लाका उप–सभापति रामनारायण कुर्मी, जगरनाथपुर गाउँपालिका प्रमुख श्रीकान्त यादव, नेपाली कांग्रेस बाराका सचिव राजेश रौनियार लगायतका नेताहरुको सहभागिता रहेको थियो ।

# पत्रकार महासंघ पर्सामा तालाबन्दी




**मधेशदृष्टि**
**वीरगंज ।**

वीरगंजस्थित नेपाल पत्रकार महासंघ पर्सा शाखामा पत्रकार सम्बद्ध विभिन्न तालाबन्दी गरेका छन् । प्रेस चौतारी नेपाल पर्सा, प्रेस मञ्च नेपाल पर्सा र मधेशी पत्रकार समाज पर्साले मंगलबार संयुक्त रुपमा तालाबन्दी गरेका हुन् । सदस्यता विवादका विषयमा दुई महिनापहिले काठमाडौँमा सम्पन्न जिल्ला अध्यक्षहरुको राष्ट्रिय भेलाले गरेको निर्णयलाई लत्याउँदै नेपाल पत्रकार महासंघ केन्द्रिय कार्यसमितिले आगामी निर्वाचनका लागि सदस्यता सूची सार्वजनिक गरेकाले त्यसैको विरोधमा पर्सा शाखामा तालाबन्दी गरिएको प्रेस चौतारी नेपाल पर्साका अध्यक्ष तुलसी भण्डारीले बताए । उनका अनुसार, राष्ट्रिय भेलाले जिल्ला शाखा र प्रदेश समितिले गरेको सिफारिसको आधारमा सदस्यता विवाद टुंग्याउने निर्णय गरेको थियो । तर केन्द्रिय कार्यसमितिले जिल्ला र प्रदेश समिलि गरेको सिफारिस भन्दा बाहिरका व्याक्तिहरुलाई पत्रकार महासंघको सदस्यता दिएको सूची सार्वजनिक गरेकोले त्यो आँफुहरुलाई कदापी मान्य नहुने भण्डारीले बताए ।

# गढीमाई मेलामा कृषि एक्सपो शुरु




**मधेशदृष्टि**
**वीरगंज ।**

पञ्चवर्षिय गढीमाई मेलामा कृषि एक्सपोको उद्घाटन भएको छ । मेलामा मन्दिरको दर्शन गुर्नका साथै मेला घुम्न आउने किसानहरुलाई कृषि र प्रविधिबारे जानकारी दिने उदेश्यले एक्पोको आयोजना गरिएको छ ।

वन तथा वातावरण राज्यमन्त्री रुपा विश्वकर्मा, महागढीमाई नगरपालिकाका प्रमुख उपेन्द्र प्रसाद यादवलगायतको उपस्थितिमा एक्सपोको उद्घाटन गरिएको हो । कनेक्ट किसानकी अध्यक्ष एवम् कृषि एक्सपोकी संयोजक संजिता लामिछानेले एक्सपोमा विभिन्न किसमको फुड स्टल, मेसिनरी सामानहरु राखिएको बताइन् ।

सात वटै प्रदेशका विशेष परिकार पनि स्टलमा राखिएको र विभिन्न पालिकाको रैथाने सामानको प्रचार प्रसारका लागि पनि एक्सपोमा राखिएको लामिछानेले जानकारी दिइन् ।

एक्सपोको कृषि जोनमा रोबोर्टमार्फत कृषि बारे जानकारी दिइने, किसानलाई कृषिबारे जानकारी दिन विभिन्न विज्ञहरुलाई पनि राखिएको संयोजक लामिछानेले बताइन् । मेलामा किसानले बाली, माटोबारे भोगिरहेको समस्याको समाधानबारे जानकारी दिन विज्ञहरुको टिम राखिएको उनले बताइन् ।

# अग्रज पत्रकार खड्काको निधन



**मधेशदृष्टि**
**वीरगंज ।**

वीरगंजका अग्रज पत्रकार सरोज खड्काको निधन भएको छ ।

वीरगंजको पत्रकारितामा झण्डै साढे तीन दशकदेखि सकृय रुपमा रहेका खड्काको ६२ वर्षको उमेरमा सोमबार राति निधन भएको हो ।

वीरगंज महानगरपालिका वडा नम्बर १३ मुर्लीको नयाटोलस्थित आफ्नै निवासमा सोमबारराति खड्काको निधन भएको हो ।

विगत केहिमहिनादेखि अस्वस्थ रहेका खड्का नारायणी अस्पताल र काठमाडौँका विभिन्न अस्पतालमा उपचार गराएपछि हाल घरमै रहेर स्वास्थ्यलाभ लिइरहेका थिए । खड्काको मंगलबार बिहान वीरगंज–१० अशोकवाटिकास्थित आर्यघाटमा अन्तिम दाहसंकार गरिएको छ । खड्काका दुई छोरा, दुई छोरी र श्रीमति छन् ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन